# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (तेह्रौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति :- २०७७।०२।२१ गते

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरू आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू अब मिति २०७७ साल जेठ १८ गते माननीय प्रदेश प्रमुखबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १२ मिनेको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा बोल्न समय दिन्छु । त्यस पछि कृष्ण बहादुर थापालाई ।

## माननीय गायत्री गुरुङ

माननीय सभामुखज्यू, आज हामी यो जेठ १८ गते हाम्रो माननीय प्रदेश प्रमुख अमिक शेरचनज्यूले प्रस्तुत गर्नु भएको यो २०७७/०७८ को यो नीति तथा कार्यक्रमको छलफलको सिलसिलामा छौं । १८ गते प्रस्तुत भयो । १९ गतेबाट यो छलफल कार्यक्रम सुरु भाको छ र आज २१ गते हामी तेस्रो दिनमा छौं ।

यो सन्दर्भमा एकात्मक केन्द्रिकृत शासन व्यवस्थालाई फालेर संघीय लोकतान्त्रिक व्यवस्था स्थापना गर्नको निम्ति साहदत प्राप्त गर्नु हुने जनयुद्ध, जनआन्दोलन लगायतका थुप्रै आन्दोलनमा साहदत प्राप्त गर्नुहुने सम्पूर्ण शहीदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । बेपत्ता योद्धाहरु एवं घाइतेहरु सम्पूर्णहरुमा म सम्मान गर्न चाहन्छु र आन्दोलनमा यहाँसम्म ल्याई पुऱ्याउने सम्पूर्ण आदरणीय अग्रजहरुलाई सम्मान गर्न चाहन्छु ।

हामी कोभिड-१९ को एउटा संघारमा छौं । कोभिड-१९ को महामारीले आज विश्व आक्रान्त बनी राखेको छ । यही आक्रान्त परिस्थितिमा थुप्रै नेपालीजनहरुले पनि आफ्नो यो रोगको कारणले गर्दा मृत्युवरण गरिसक्नु भएको छ । उहाँहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । उहाँहरुको परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्न चाहन्छु । जो संक्रमणको अवस्थामा हुनुहुन्छ । यो रोगको कारणले गर्दाखेरी उहाँहरु पक्कै पनि छिट्टो सन्चो भएर घर फर्कनु हुनेछ भन्ने एउटा विश्वासका साथ उहाँहरुको शीघ्र, स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । यो एउटा युद्ध हो, युद्ध मोर्चा ज जो कोभिड-१९ ले हामीलाई जिस्क्याइराखेको छ । यो एउटा तगारो बनेर हाम्रो अगाडि उभिई राखेको छ, बाधक बनेर उभिई राखेको छ । त्यो बाधक अथवा यो युद्ध मोर्चामा अग्रगतिमा अगाडि बढेर अग्रस्थानमा यसको विरुद्ध सेवा गरी रहनु भएका सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी लगायत सम्पूर्णमा म सम्मान व्यक्त गर्न चाहन्छु।

हामी यो नीति तथा कार्यक्रम छलफल गर्ने सन्दर्भमा मैले अस्तिबाट हेर्दाखेरी मैले देखें । थुप्रै माननीयज्यूहरुले आफ्नो कुराहरु राखी राख्नु भाछ । कुनै माननीयज्यूहरुले यो नीति तथा कार्यक्रममा असाध्यै राम्रो छ भनेर आफ्नो भिजन दिइराख्नुभाको छ । मैले यो आफ्नो राम्रो छ त भनेर मैले यसलाई पनि हेरें । कुनै माननीयज्यूहरुले यो माकुराको जालो हो, यसले घामपानी पनि छेक्दैन भनेर आफ्नो राय दिई राख्दाखेरी मैले यो साँच्चीकै यस्तै छ त भनेर पनि मैले यसलाई हेरें र

कसैले यो रामायण जति पढे पनि रामको सीता हो कि होइन भन्नेमा कन्फ्यूजन छ भनेर पनि भन्नुभयो । मैले यसलाई पनि सीता रामको होइन त भनेर यसो बुझ्न खोजें। यस्तै गरी यो पढ्दाखेरी मलाई रुन मन लाग्यो आँसु आयो भनेर कतिपय माननीयज्यूले भन्नु भयो । साँच्चै आँसु आएकै होला त यो पढ्दाखेरी भन्ने खालको प्रश्नहरु पनि मेरो मनमा आयो र कसैले यो परम्परावादी खालको भयो भनेर पनि आफ्नो भिजन राख्नुभयो । साँच्ची यो परम्परावादी छ त ? भनेर मेरो आफ्नै मनलाई सोधें । यसै गरी आनीछिरिङको गीत पनि मैले यहाँ सुनें । फूलको आँखामा फूलै संसार भन्ने गीत पनि मैले सुने । सायत त्यो नीति तथा कार्यक्रम के यसको व्याख्या गर्दा दृष्टिकोणमै समस्या छ त भन्ने कुराहरुको प्रश्नहरु पनि मेरो मनमा आयो ।

यस्तै गरी रामकृष्ण ढकालको सबको भगवानले भगवानले हेर्छ भन्थ्यो भगवानले हेरेको पनि देखियो भन्ने खालको गीत पनि मैले यहाँ सुनें तर साँच्चै नीति कार्यक्रमले यो समान व्यवहार गरेको छैन त भनेर मैले आफ्नै मनलाई सोधें । यी प्रश्नहरु मेरो आफ्नै मनलाई सोध्दाखेरी मलाई लाग्यो यसलाई हामीले द्वन्द्ववादी ढङ्गले बुझ्नुपर्छ जस्तो मलाई लाग्छ । द्वन्द्ववादी ढङ्गले बुझ्दा यसका सकरात्मक पाटाहरु यसका उपलब्धीहरु, यसका नकारात्मक पाटाहरु र यसका कसरी अगाडि बढाउनु पर्छ भन्ने कुरा ख्याल गर्नुपर्छ जस्तो मेरो मनमा त्यो आयो । द्वन्द्ववादी दृष्टिकोण एउटा वैज्ञानिक दृष्टिकोण हो र यसले एउटा हामीलाई ठीक ठाउँमा पुऱ्याउँछ भन्ने कुरा मलाई लागेको छ । द्वन्द्ववादी दृष्टिकोण हामीले यो प्रयोग नगर्दाखेरी यो अधिभूतवाद तिर जान्छ र अधिभूतवादले अन्तत हामीलाई एउटा यथास्थानमै हामीलाई राख्छ भन्ने कुरा मेरो मनमा लाग्यो र म त्यही हिसाबले यो नीति कार्यक्रमलाई त्यसरी मैले हेरें।

यसरी हेर्दाखेरी यो नीति कार्यक्रम यसका सकारात्मक पाटाहरु यसलाई हेर्दाखेरी यो सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी प्रदेशको सर्वाङ्गिण विकास गर्ने स्पष्ट दृष्टिकोणसहित नीति कार्यक्रम आएको मैले पाएँ । यस्तैगरी संविधानको भावना

अनुरुप सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त अनुसार आएको पनि मैले महसुस गरें । बजेटको सिद्धान्त र प्राथमिकताको आधारमा पनि यो आएको छ यो पढ्दाखेरी यो पनि मैले बुझें । कोभिड-१९ ले प्रदेशवासीहरुको जीवन रक्षा गर्ने र महामारीबाट शिथिल भएको अर्थतन्त्रतन्त्रलाई चलायमान बनाउने मूल लक्ष्य लिएर पनि यो नीति तथा कार्यक्रम आएको मैले देखें । प्रदेश सरकार, संघीयताको प्रभावकारिता कार्यान्वयनमा प्रतिबद्ध छ, जिम्मेवारी छ र इमान्दारी पूर्वक नीति कार्यक्रम आएको छ भन्ने कुरा मैले बुझें । प्रदेश सरकारले आफूले गरेको काम हालसम्म भएका उपलब्धी र वस्तुगत यथार्थपरक ढङ्गले समीक्षा गरेको छ । संस्थागत पनि गरेको छ र आगामी दिनमा कसरी अगाडि बढ्ने, कहाँ टेकेर अगाडि बढ्ने भन्ने कुरा पनि यो छलाङको रुपमा पनि यो नीति कार्यक्रम अगाडि बढ्न खोजेको मैले महसुस गरिराखेको छु ।

प्रदेश सरकारले कोभिड-१९ ले विश्वलाई समग्र क्षेत्रमा प्रभाव पाइराखेको बेला यो गण्डकी प्रदेश पनि अछुतो छैन र विशेष गरी मानव स्वास्थ्य, शिक्षा, कृषिलगायतका क्षेत्रमा प्राथमिकता राख्नुपर्ने नै थियो र यो आइरहेको छ र पर्यटनलाई पनि यसले नीति कार्यक्रम जोडेको मैले महसुस गरेको छु । १ निर्वाचन क्षेत्र १ सडक, राजधानीदेखि स्थानीय तहका केन्द्र जोड्ने मोटरेबल पुल, झोलुङ्गे पुल, खानेपानी, उर्जा लगायतका विषयलाई संबोधन गरेको छ । यो उज्यालो प्रदेशलाई पनि यसले समेटेर गएको मैले महसुस गरेको छु । समग्रमा यो प्रदेशको नीति कार्यक्रम एकदमै राम्रो छ । यसले पक्कै पनि हामीले लिएको गण्डकी प्रदेशलाई एउटा समृद्ध प्रदेश बनाउने कुरा यहाँको जनतालाई सुखी बनाउने कुरा जो हामीले उद्देश्य लिएर अगाडि बढि राखेका छौं, यो उद्देश्य पूरा गर्नका निम्ति यो नीति कार्यक्रमले एउटा प्रभावकारी भूमिका खेल्ने मैले महसुस गरेको छु । यसको निम्ति म प्रदेश सरकारलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । हार्दिक बधाइ दिन चाहन्छु र शुभकामना पनि म तपाईंहरुलाई दिन चाहन्छु ।

मैले यसरी नीति तथा कार्यक्रमको एउटा राम्रो पक्षको मैले यहाँ व्याख्या गरिरहदा मैले केही सुझावहरु पनि म तपाईंहरुको बीचमा म राख्न चाहन्छु । हामीले अहिले यो प्रदेशको नीति तथा कार्यक्रममा राम्रा पक्षका कुरा गऱ्यौं तर सुझावका रुपमा हामीले यो प्रदेश सरकारलाई एउटा राम्रो प्रदेश बनाउँछौं भनिरहदा खेरी हाम्रो प्रदेशको श्रोत जुटाउने कुरामा हामीले ध्यान दिनुपर्ने हो कि भन्ने मलाई लागिरहेको छ । यसैगरी कार्यान्वयन जसरी नीति तथा कार्यक्रम आएको छ । कार्यन्वयन पक्ष त केही न केही त भाको छ तर प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा हामी कही न कही चुकेका छौं कि भन्ने कुरा मलाई लागेको छ र यो प्रभावकारी कार्यान्वयनको सन्दर्भमा हामीले कहाँ-कहाँ ध्यान पुऱ्याउनु पर्ने हो त्यसको बारेमा पनि हामीले सोच्ने हो कि भन्ने कुरा म सुझावको रुपमा राख्न चाहन्छु ।

हामीले देख्यौं एउटा राजनैतिक परिवर्तन पछि नयाँ आवश्यकता र नयाँ चाहनाहरु अगाडि आएका छन् । यसलाई पूरा गर्नको निम्ति हामीले हाम्रा पूराना कार्यशैलीले यसलाई पूरा गर्न सक्दैन यसका निम्ति हामीले हाम्रा व्यवहारहरु हाम्रा कार्यशैलीहरु परिवर्तन गर्न जरुरी छ । त्यसकारणले गर्दाखेरी हाम्रा चिन्तन व्यवहार कार्यशैली परिवर्तन गर्नको निम्ति पनि हामीले ध्यान केन्द्रित गर्ने हो कि भन्ने कुरा मैले तपाईंहरुको बीचमा राख्न चाहन्छु ।

यो मानवीयता सहितको गण्डकी प्रदेश बनाउन जोड गर्नुपर्ने हो कि भन्ने कुरा म सुझावको रुपमा राख्न चाहन्छु । यो अघि थुप्रै यहाँ कुराहरु आए । नीति कार्यक्रममा दलित विषयवस्तुहरुलाई पनि छोइएको छ, यहाँ आदिवासी जनजातिहरुको भाषा संस्कृतिलाई रक्षा गर्ने कुराहरु पनि आएको छ । अल्पसंख्य, सीमान्तकृत वर्गलाई पनि यसले एउटा छोएको छ । महिला वर्गलाई छोएकै छ तर पनि फेरि हामीलाई लाग्छ हामीले समृद्धको कुरा गरिरहँदा खेरी सुखी नेपाली अथवा सुखी गण्डकी प्रदेशका जनता बनाउने भन्ने कुरा गरिरहँदा खेरी मलाई लाग्छ यो सन्दर्भमा हामीले

कतिपय कुराहरु उत्पीडनमा परिरहेका, दोह्रो शोषणमा परेका कुराहरु जस्तै महिलाहरु, लैङ्गिय र वर्गीय दोहोरो शोषणमा पर्नु भएको छ ।

उहाँहरुको निम्ति एउटा आयमूलक उद्धमशील आत्मनिर्भर बनाउनको निम्ति प्रदेश सरकारले पहल गर्नु पर्छ कि भन्ने म सुझाव राख्न चाहन्छु र अन्तिममा मलाई लाग्छ यहाँ थुप्रै गुनासाहरु, थुपै सुझावहरु थुप्रै व्यङ्ग्य आ-आफ्ना धारणाहरु त्यो टाइबले पनि आउने गरेको थियो तर कहिलेकाही मैले यो मुख्यमन्त्री जलवायू कृषिको कार्यक्रम हामीले व्याख्या गरिरहन्छौं । मलाई लाग्छ यो एकदमै ठीक छ यसलाई परिमार्जन गर्न पर्ने कहाँ-कहाँ हो त्यो पछि कार्यविधिमा सच्याँउनु पर्ने हुन्छ होला तर हाम्रो बहस कहाँ गयो भन्दा खेरी नीतिगत रुपमा भएन हामी यो मुख्यमन्त्री, यो जलवायूमैन्त्री कार्यक्रम ल्याउदा हामीले रोज्न पायौं कि पाएनौं ? हामीले त्यसलाई निर्णय गर्न पायौं कि पाएनौं । भन्ने खालको यो तर्कहरु आउने गर्छ कि नीतिगत रुपमा यो जलवायू परिवर्तन ठीक छ कि छैन  अथवा यसले के दिन खोजेको छ । यसले गण्डकी प्रदेशका किसानवर्गलाई माथि उठाउन पनि कोसिस गरेको छ कि छैन  भन्ने कुरा हाम्रो छलफलको ओरिन्टेसन त्यता गएन । हाम्रो छलफल ओरिन्टेसन आफैलाई केन्द्रित बनाएर आफू सहभागिता हुँदोखेरी यो अलि राम्रो हुने खालको भन्नेतिर गएको मैले महसुस गरें ।

त्यसकारणले गर्दाखेरी हाम्रो नीति तथा कार्यक्रमको छलफल गर्दाखेरी हामीले यसलाई नीतिगत रुपमा ठीक छ कि छैन ? हामीले नीतिगत रुपमा यसरी होर्दाखेरी यो प्रदेशलाई माथि उठाउन सकिन्छ कि सकिदैन  भन्ने कुरा समग्र रुपमा हामीले राख्न सक्यौं त्यो पक्षमा हामीले बहस गर्न सक्यौं भने मात्रै हामीले यो प्रदेशलाई अगाडि लान सक्छौं होला भन्ने आशा एवं विश्वास राख्दै अन्तिममा हामी सबै एकताबद्ध हौं म यो आग्रह गर्न चाहन्छु । हामी एकताबद्ध भयौं भने प्रदेश सरकारले ल्याएको नीतिलाई पक्कै एकताबद्ध भएर लागू गर्न सक्यौ भने पक्कै पनि हामी सबैको चाहना गण्डकी प्रदेशलाई एउटा समृद्ध प्रदेश बनाउने यहाँको जनतालाई सुखी बनाउने

कुरामा हामी सफल हेनेछौं यही आशा एवं विश्वास राख्दै यो २०७७-७८ नीति कार्यक्रमलाई पूर्ण समर्थन गर्दै म विदा हुन चाहन्छु हस् त धन्यवाद ! नमस्कार !

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री कृष्णबहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि श्री भागवत प्रकाश मल्ल।

## माननीय कृष्णबहादुर थापा

माननीय सभामुख महोदय, आज मलाई यो सम्मानित गण्डकी प्रदेशका जनताको सार्वभौमसत्ता सभामा बोलिरहदा म यहाँ केही इतिहासका नायकहरुलाई सम्झने आफ्नो कर्तव्य ठानेको छु । केही वर्तमानका नायकहरुलाई पनि सम्मान र सम्झनु पर्छ भन्ने आफ्नो कर्तव्य ठानेको छु । आज भन्दा २०६ वर्ष अगाडि नेपाल एकीकरणको विस्तार हुँदै थियो । त्यो बेलामा काँगडासम्मको नेतृत्व अंमरसिंह थापाले गर्दै हुनुहुन्थ्यो । नालापानीको किल्लाको लडाइमा बलभद्रले नेतृत्व गर्दै हुनुहुन्थ्यो । बुटवलको किल्लामा तत्कालीन कर्णेल पुष्पेशील थापाले नेतृत्व गर्दै हुनुहुन्थ्यो । त्यसरी यो देशलाई विस्तार गर्ने काम गरिएको थियो । त्यतिमात्र कहाँ हो र तत्कालीन ब्रिटिस जर्नेल अफ द लोनीले त्यो बेलामा अंमरसिंहलाई एउटा पत्र लेखेका छन् । तिमी त्यो सानो मुलुकको जर्नेल भएर बस्नुभन्दा ठूलो मुलुकको सेनापति हुनको लागि म निम्ता गर्छु भनेर भन्दै थिए र त्यो बेलामा उनले जवाफ दिएका थिए अंमरसिंहलाई म सिनो उदुनेर खाने स्यालको बच्चा होइन म त बाघको बच्चा डमरु हुँ यसको जवाफ मैदानमा हुन्छ भनेर भनेका छन् ।

आज म त्यो स्मरण गर्न चाहन्छु । यसरी संसारको इतिहासमा आज यो विश्वमा जम्मा १९ वटा देश छन् । जो कसैको गुलाम बनेन कसैको उपनिवेश बनेन । आज हामीलाई पनि त्यो पंक्तिमा राखुहुने त्यो महान् योद्धाहरुप्रति यो सम्मानीत सभामा आज म सम्झन चाहन्छु र उहाँहरुलाई सलोट गर्न चाहन्छु।

वर्तमानको इतिहासको कुरा गर्ने हो भने आज २०६ वर्ष पछाडि नेपालमा त्यो सपुत जन्म्यो र त्यो राष्ट्रवादी झण्डालाई त्यो राष्ट्रियतालाई फेरि उजागार गऱ्यो र आफ्नो भूमि फिर्तामात्रै होइन र आज नेपालको नयाँ नक्सालाई सार्वजनिक गऱ्यो । यो नायक भनेको यो देशको वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली हुनुहुन्छ । उहाँप्रति पनि मैले यो सम्मानीत सभामा सम्झन चाहन्छु र सलोट गर्न चाहन्छु ।

सभामुख महोदय, २०७७-०७८को नीति कार्यक्रम १८ गते हाम्रो प्रमुखज्यूले हामीहरु सामु वाचन गर्नु भयो । हामी सबैले सुन्यौं । आज निरन्तर तेस्रो दिनसम्म पनि यसमा छलफल गर्दै छौं र यो  नीति कार्यक्रम सबैले आफ्नो ढङ्गले व्याख्या गर्न सकिन्छ तर मेरो विचारमा एकदम वैज्ञानिक छ । जसलाई शब्दमा भन्नुपर्दा वास्तवमा हामीले आ-आफ्नो ढङ्गले हेर्न सक्छौं तर मलाई के लाग्छ भने यो हलो देखि हाइड्रोसम्म नीति तथा कार्यक्रम भित्र छ । जिरादेखि हिरासम्म पनि यो नीति तथा कार्यक्रम भित्र छ । त्यतिमात्रै होइन मुख्य मन्त्रीज्यूले सत्तापक्षका सभासदहरुलाई त सामुहिक रुपमा बोलाएर सल्लाह लिनु भयो तर हामीलाई थाहा छ, प्रतिपक्षका सभासद्हरुज्यूलाई त व्यक्ति-व्यक्ति बोलाएर धेरै सल्लाह सुझाव लिएर यो नीति कार्यक्रम ल्याउनु भएको    छ ।

तसर्थ यो नीति कार्यक्रम पूर्ण रुपमा लोकतान्त्रीक छ र यो नीति कार्यक्रमले गणतन्त्र, संघीयता र समावेशीकताको मर्मलाई यसले वास्तवमा आत्मसाथ गरेको छ र संविधानको मर्म अनुसार यो नीति कार्यक्रम प्रदेशका सम्पूर्ण जनताहरुप्रति जवाफदेही बनेको छ । तसर्थ यो तथ्य, यो प्रमाणका आधारमा हामी सबैले भन्न सक्छौं र म भन्न चाहन्छु सगौरब यो नीति कार्यक्रमप्रति मेरो समर्थन छ। म सम्बन्धित यो मेरो पार्टी नेकपाको पूर्ण रुपमा समर्थन भएको म जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, यहाँ मलाई एउटा विषय सम्झना आयो । यो नीति कार्यक्रम ठ्याक्क हेर्दा कस्तो छ भने चिन्नीलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिड भन्ने नेपाली उखान छ त्यस्तै छ । यो चिन्न सक्यौं भने यसमा हामीले राम्रो कुराहरु पाउँछौं चिन्न सकेनौं

भने स्वभाविक त्यो  खुर्पाको बिड हुन पनि सक्छ । यो नीति कार्यक्रममा लेखिएका विषयहरु यो केवल पूरा कागजमा लेखिएको मात्र होइन सभामुख महोदय ।

बरु यो त गण्डकी प्रदेशको जनताको भाग्य र भविष्यको निर्माण गर्ने समग्र योजना हो भनेर हामी भन्न सक्नुपर्छ। जसले सम्पूर्ण हामी सभासदहरुको एक खालको मनोबल बढाएको छ । यो प्रति हामीलाई धेरै आत्मीयता जगाएको छ । त्यसका साथसाथै यो नीति कार्यक्रममा के यस्ता महत्वपूर्ण विषयहरु छन् । जसले हाम्रो गण्डकी प्रदेशलाई छुट्टै पहिचान बनाएको छ ।

७ वटा प्रदेशमा गण्डकी प्रदेश एउटा विशिष्ट पहिचान बोकेको, छुट्टै एउटा काम गरेको प्रदेश हो भन्ने कुरा देखाएको छ । म त्यो यहाँ केही स्मरण गर्न चाहन्छु सभामुख महोदय, जस्तै १९ नं. मा प्रदेश सरकारको १ घर १ धारा, त्यस्तै गरेर ३२ नं. मा प्रदेश मातहतका सबै अस्पतालहरुलाई भौतिक पूर्वाधार र जनशक्ति विकास आधुनिक स्वास्थ्यकर्मीको उपचार व्यवस्था, ४१ पेजमा गण्डकी प्रदेशका प्रशिक्षण प्रतिष्ठानको स्थापना, पदाधिकारी कर्मचारी व्यक्तिहरुको क्षमता अभिवृद्धि ४२ मा कोरोना उपचार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम, बहस भत्ताको व्यवस्था ४२ मा लकडाउनको अवस्थामा अहिले मलाई स्मरण छ, सभामुख महोदय, जुन बेलामा लकडाउन सुरु भएको थियो त्यो बेलामा बाहिर मान्छे निक्लिने अवस्था थिएन । डक्टरहरु डराईरहेका थिए तर एक मात्र गण्डकी प्रदेशको मुख्यमन्त्री सडकमै निस्केर गाडीबाट स्यानीटाइजर छर्कदैं हुनुहुन्थ्यो ।

त्यसको साथसाथै लगत्तै हाम्रो प्रदेशले घोषणा गऱ्यो । महानगरलाई १ करोड, नगरपालिकालाई १० लाख, गाउँलाई ५ लाख दिएर कुनै पनि जनताले भोकमरिको अभाव भोग्नु परेन । यसलाई पनि हामीले एकखालको स्मरण गर्न जरुरी छ । जुन कुरा ४२ नं. पेजमा छ । त्यस्तै गरेर ३६ नं.मा मुख्यमन्त्री जलवायु नमुना कृषी कार्यक्रम जुन ७२ स्थानमा अहिले पनि काम भई राखेको छ ।आजको भोलि, एक

वर्षको दोस्रो वर्ष सबै परिणाम आउँदैन त्यसको परिणाम आउनको लागि केही समय लाग्छ । त्यो हामीले धैर्यतापूर्वक कुर्नु पर्छ ।

४७ पेजमा नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय संकल्प अनुरुप प्रदेशले सन्तुलित र समन्यायिक समावेशी विकास गरी आर्थिक वृद्धिदर हासिल गर्ने हामीले ९ प्रतिशतले वृद्धि गरी हासिल गर्ने आर्थिक वृद्धिदर आकांक्षा राखेका थियौं तर यो हामी संसारकै दुर्भाग्य भएको छ । त्यो अनुसार हामीले अहिलेको यो अवस्थाले गर्दा नसकेको मात्र हो नत्र त्यो आर्थिक वृद्धिदर पूरा गर्न सक्ने अवस्था थियो । तल उल्लेखित ८ वटा बुँदालाई समेटेर कार्यान्वयन गर्नुपर्छ। जसले गर्दा एउटा समृद्ध प्रदेश सुखी नेपालीको संकल्प पूरा हुन सक्छ । यी कुराहरु यहाँ समावेश छन्।    ५२ नं. मा कोभिड-१९को महामारीलाई मध्यनजर गर्दै प्रदेशका सबै अस्पतालहरुलाई हामीले पहिलो पटक ३ देखि ५ शैय्याको जुन आइस्यू बनाउने २५ र ५० र २०० शैयामा यसको स्तर उन्नति गर्ने एकदमै सहनीय छ

सभामुख महोदय, त्यसको साथसाथै १०७ नं. पेजमा गण्डकी प्रदेशलाई नेपालको पर्यटनको हक मात्रै होइन कि यसलाई वास्तवमा हाम्रो राजधानीलाई पर्यटनकै राजधानी बनाउने कुराहरु यहाँ हुनेछन् तसर्थ मलाई लाग्छ यो नीति कार्यक्रममा यी १० वटा विषयहरु असाध्यै महत्वपूर्ण छन् । जसले हाम्रो एउटा छुट्टै पहिचान बनाएको छ । तसर्थ पनि यसलाई मैले पूर्ण रुपमा समर्थन गर्न चाहन्छु र त्यसको साथसाथै केही आफ्ना सुझावहरु यहाँ राख्न चाहन्छु ।

हाम्रो गण्डकी प्रदेशको राजधानीमा पश्चिमाञ्चल नर्सिङ क्याम्पस छ । त्यसले आफ्नै टिचिङ हस्पिटलको निर्माण गर्दै छ । मलाई लाग्छ त्यसलाई हाम्रो प्रदेशको गौरवको योजनामा समावेश गर्दा राम्रो हुन्छ भन्ने मलाई लाग्छ । अर्को कुरा पोखराको लागि हामीले धेरै कुरा गर्नु पर्दैन ४ वटा काम गण्डकी प्रदेश सरकारले गर्नै पर्छ । एउटा काम-पोखराको आउटरोड इन रोड बाटो हामीले बनाउनै पर्छ, दोस्रो काम - पोखराको इनरोड हामीले बनाउनै पर्छ । तेस्रो काम- प्रदेशस्तरको राजधानीको स्तर मेन्टेन्ड

गर्ने र राजधानी बसपार्क हामीले बनाउनै पर्छ र चौथो काम-यहाँ रहेका सबै तालहरुलाई हामीले सकिन्छ एउटा अन्तर्राष्ट्रिय मापदण्डस्तरको सकिएन भने पनि कम्तिमा पनि एकखालको इन्भारोमेन्ट फेम्ली त्यो वातावरण बनोस् संरक्षण गर्ने यी ४ वटा काम प्रदेश सरकारले गर्नुपर्छ भन्ने मलाई लाग्छ । र अर्को तेस्रो कुरा हामीले अरुको क्षमता अभिवृद्धि त भनिरहेकै छौं त्यो एकदमै राम्रो हो, तर सबैभन्दा पहिलो कुरा आफ्नै प्रदेशका सभासदहरुको क्षमता अभिवृद्धि भएन भने धेरै काम नहुन पनि सक्छ । तसर्थ सबै सभासद्हरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम पनि यहाँ समावेश गर्न जरुरी छ ।

मैले पटक-पटक सदनमा उठाएको छु । जबसम्म त्यो कानून बन्दैन तबसम्म म उठाइरहनेछु । नेपालमा भ्रष्टचार, कमिशन तन्त्र छ, हिजो थियो आज छ, यो क्रान्तिकारी सरकार हो तसर्थ कमिशन याक बनाउनै पर्छ । त्यो याक बनाएर त्यसलाई हामीले वास्तवमा कानूनको दायरामा ल्याउनु पर्छ । र अर्को कुरा यो नीति कार्यक्रममा कोमागानेपार्क भनेर यहाँ आएको थियो कोमागानेपार्क भएपनि हुन्थ्यो । नामपनि कर्मचारीले लेखेको भए राम्रैसँग आफूले नजानेको भए अरुसँग सोधेर लेख्नुहोला कोमागानेपार्क होइन। पोखरा कोमागाने मितेरी पार्क पोखरा कोमागाने फ्रेन्डसिप पार्क त्यो ५६ सालमा बनाएको हो । त्यो बनेकै पार्क हो । २० वर्ष पछाडि आएर फेरि हामीले यो वडा नं. ६ को ले गर्नुपर्ने काम हो ।

अर्काले बनाइदिएको पार्क पनि ततेर्न नसक्ने मान्छे के वडा अध्यक्ष भएर बस्नुपर्‍यो। अब हामीले बनाउने हो भने नाम सच्चाएर राम्रोसँग बनाउने हो । मेरो सुझाव छ । र अर्को जननेता मदन भण्डारी पोखरामै आएर यही हलमा यही ठाउँबाट बोलेर फर्कदा खेरी उहाँको हत्या भयो । अब दुर्घटना होइन त्यो हत्यै हो । त्यो ढिलो चाँडो छानविन गरेर हत्यारा पत्ता लगाउनु पर्छ (माननीय सदस्य समय सिध्दियो) तर आज उहाँको नाममा १ मात्र मोदनाथ श्री स्मृतिपार्क भनेको छ । यसलाई वास्तवमा व्यवस्था गर्नको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु (माननीय सदस्य समय

सिध्दियो)  र प्रदेशस्तरीय एक खालको यति सुझावहरु राख्दै मलाई यो समय प्रदान गर्नुहुने सभामुखज्यूलाई धेरैधेरै धन्यवाद व्यक्त गर्दै विदा हुन्छु, धन्यवाद नमस्कार !

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्य श्री भागवत प्रकाश मल्ललाई छलफलमा भाग लिन समय दिन्छु। त्यस पछि माननीय सदस्य श्री मिना गुरुङ् ।

## माननीय भागवत प्रकाश मल्ल

माननीय सभामुख महोदय, सर्वप्रथम यो अहिले विश्व कोभिड-१९ महामारीमा यो विश्व यो हाम्रो देश पनि गुज्रेको छ । यसमा मृत्युवरण गर्ने देश तथा विदेशमा रहनुहुने संक्रमित सबै विरामीहरुप्रति र मृत्यु हुनुहुने प्रति हार्दिक श्रद्धाञ्जली अर्पण र विरामीहरुप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । त्यस्तै हामीलाई यो व्यवस्था सम्म यहाँ पुऱ्याउनुहुने सम्पूर्ण सहिद महानुभावहरु अग्रज नेताहरुप्रति पनि म सम्झन चाहन्छु ।

सभामुख महोदय, यो ३ दिन देखि यो आर्थिक वर्ष २०७७-०७८को नीति तथा कार्यक्रमको छलफलमा हामी छौं र म केही आफ्नो भनाई र सुझाव राख्न अनुमति चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सरकार बनेको ३ वर्ष पुग्यो र नीति तथा कार्यक्रम पनि ३ वटै आयो पहिलो वर्ष पर्यटन आयो, दोस्रो वर्ष भौतिक पूर्वाधार र यस वर्ष प्रस्तुत भएको नीति तथा कार्यक्रममा स्वास्थमा बढी जोड र कृषि भन्यो, तर स्वास्थ्य क्षेत्रको कसरी व्यवस्थापन गर्ने र कृषिको क्षेत्रमा व्यवस्थापन गरी प्रभावकारी बनाउने भन्ने ठोस कुरा उल्लेख नगर्दा यसको कार्यन्वयनमा नीति तथा कार्यक्रम मौन हुँदा कार्यक्रम नतिजामुखी देखिँदैन ।

माननीय सभामुख महोदय, विश्वसहित हाम्रो देश कोभिड-१९ बाट आक्रान्त छ तर सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा यसको बारेमा ठोस तवरबाट

कार्यक्रममा उल्लेख तथा समावेश गरिएको छैन । स्थानीय तहका कर्मचारी र जनप्रतिनिधि रातदिन नभनीकन खटिरहेका छन् । प्रदेश सरकारले तत्काल स्थानीय सरकारलाई राहतकोषमा थप रकम दिएर कोभिडबाट मृत्यु हुने परिवारलाई राहत प्याकेज पेश गर्न सभामुख मार्फत सरकारलाई ध्यान आकर्षण गराउँछु ।

त्यस्तै हाम्रो स्याङ्जामा रोजगारीका लागि भारतमा गएका स्याङ्जा अभिनाश गाउँपालिका १ युवा देवबहादुर थापा स्वदेश फिर्ता हुने क्रममा नेपालको सीमानामा देशभित्र भित्रन नपाएर मृत्यु वरण गर्नुहुने बाध्यता सिर्जना गर्ने र क्वारेन्टाइनमा बसेर घर फर्कन फिर्ता हुने क्रममा स्याङ्जा फेदिखोला गाउँपालिका डिलबहादुर कार्कीको मृत्यु हुनुमा सरकारको गम्भिर त्रुटि रहेको छ । यस्ता गतिविधि पुन दोहोरिन नदिन सरकारले आवश्यक पहल गर्न हार्दिक अनुरोध गर्दछु । उनीहरुको परिवारलाई आवश्यक क्षतिपूर्तिको व्यवस्था गर्न अपिल गर्दछु ।

त्यस्तै सभामुख महोदय, प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा समावेश भएका योजनाहरु लागु गर्नका लागि आय स्रोत कहाँ छ ? सोच्ने कसरी व्यवस्था गर्ने हो कसरी ल्याउने हो ? यसको बारेमा उल्लेख नहुँदा अन्योल सिर्जना भएको छ । यसका बारेमा नीति तथा कार्यक्रम प्रशिक्षण त्यस्तै सभामुख महोदय, गण्डकी प्रदेशको सरकारले विभिन्न शीर्षकमा बजेटको व्यवस्थापन गरे पनि त्यसको कार्यन्वयन पक्ष फितलो मात्र नभएर कार्यन्वयनमा जटिलता देखिएको छ ।

सरकारको सार्वजनिक खरिद ऐन लम्बेदान भएकोले त्यसलाई सुधार गरेर विकास निर्माणको अभिलम्बन सुधार ल्याउन जरुर देखिन्छ । सरकारले गठन गरेको विकास परिषद व्यकुपको छ । कामलाई छिटो छरितो गर्नको सट्टा सिंहदरबारको अधिकार दैलोदैलोमा पुग्यो भन्ने काम केन्द्रमा केन्द्रित जस्तो देखिन्छ । यसलाई सुधार ल्याउन आवश्यक छ ।

माननीय सभामुख महोदय, यो मुख्यमन्त्री, जलवायु, नमुना कृषि गाउँमा दक्ष जनशक्ति नहुँदा समस्या देखिएको छ । कार्यक्रममा खटिँदा गाउँ र ठाउँ सुहाउँदो खेती गर्नुको

सट्टा अनेक बहानामा कृषकलाई दुःख दिने मात्र होइन कार्यक्रम अनुसार कार्य नगरेर कार्यक्रम फिर्ता लैजाने समेत धम्की दिने गरेका छन् । यसका लागि यो कृषि नमुना गाउँ जुन अपेक्षा गरिएको छ । जुन उपलब्धी गर्नुपर्ने हो, त्यो हासिल गर्न बाट बञ्चित रहेका छन् ।

त्यस्तै माननीय सभामुख महोदय, यो अहिलेको नीति तथा कार्यक्रममा यो यातायात व्यवसायी यातायातका सबै साथीहरुलाई समेटेको यो देखिएन । यो बुँदा नं. १४२ मा के उल्लेख रैछ भने यातायात सम्बन्धी जनशक्तिको चाप, सडकको क्षमता र सवारी साधनको संख्याको आधारमा वैज्ञानिक रुट प्रविढ प्रणालीको व्यवस्था अवलम्बन गरिने छ भन्ने नीति तथा कार्यक्रममा आयो तर हामीले ३३ वटा कानून पनि बनायौं । यसमा ६६ साल कात्तिक १ गते राजपत्रमा प्रदेश सवारी साधन यातायात व्यवस्थापन गर्न बनेको ऐन पनि पारित भो तर प्रकाशित पनि भयो तर जुन लक्ष्य प्राप्त गर्न कानून बनायो । यसका अन्यत्र देश प्रदेशको कुरा छोडौं गण्डकी प्रदेशको केन्द्रमा चल्ने टयाक्सीमा सहज रुटमा चल्ने यात्री नपाएर यातायात व्यवस्थाका कारणले ५ लाख देखि ९ लाखसम्म रुट बापत रकम दिने गरेको देखिएको छ । यसमा अर्थ तथा समितिको वैठकमा माननीय भौतिक पूर्वाधारमन्त्रीज्यूको उपस्थितिमा यो बारेमा हामीले प्रष्ट कुरा राखेका हामीले थियौं तर यो विषयमा जोडदार माग हामीले पनि राख्यौं । र हाम्रो अर्थविकासको माननीयज्यूले सदनमा कुरा राख्छु पनि भन्नुभयो तर यो कुरा  उठेन । त्यसतर्फ कुनै प्रयास नहुँदा सम्बन्धित मन्त्रालय र विषयगत कार्यलय रुट परमिट.बापतको रकम प्राप्त गर्ने खेलमा लागेर भ्रष्टचार त गरेको होइन भन्ने संका उत्पन्न हुने भएको छ । किनभने यो प्रष्ट छ यो पैसा उठाएर खाएका छन् । तर यो नीतिमा यो रुट फ्रि गर्ने भनेको छ । यो रुटमा पैसा उठाएर खाएका छन् । सरकारले के हेरेर बसिराखेको छ ? यो अग्रज विद्वान माननीयज्यूले के भन्नुभाथ्यो भने यो बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिड भन्नुभाथ्यो । यो खुर्पाको बिड हो या श्रीखण्ड हो बुझ्न जरुरी छ ।

त्यस्तै माननीय सभामुख महोदय, विवादित निर्वाचित क्षेत्र विकास कार्यक्रम अन्तर्गत संसद् विकास कोष तत्काल खारेज गरेर स्वास्थ वा विकास पूर्वाधार योजना कार्यन्वयनमा ल्याउन उचित देखिन्छ । सरकारको नतिजा नदिने उक्त सरकार न चल्ने देखिन्छ । यस कार्यतर्फ म सरकारको कोषमा उचित रकम छ हुन त विकासमा नचिताएको नतिजा आएको छ ।

त्यस्तै सभामुख महोदय, नेपालको ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र विभिन्न चरणमा चलेका आन्दोलनमा घाइते, वेपत्ता र सहिद परिवारलाई प्रदेश सरकारले गत वर्ष रोजगार बनाउने भनेर योजनाहरु ल्यायो तर उक्त कार्यक्रम यो कुरा भएको हो? सरकारलाई प्रश्न गर्दै सरकारको ध्यानआकर्षण गर्न चाहन्छु । सरकारले चालु वर्षमा पुन सोही कार्यक्रम अन्तर्गत विशेष कार्यक्रम सञ्चालन गर्ने योजना अगाडि सारिएको छ तर सरकारले अघिल्लो वर्ष पूरा नभएको कार्यक्रमलाई भाषागत परिवर्तन गरेर घाइते, वेपत्ता र सहिद परिवारलाई अपमान गरेर बोल्ने र कुरा नगर्ने प्रवृति हामीमा भएको छ । कार्यक्रमका बारेमा सरकारको तर्फबाट तत्काल जवाफ दिन अनुरोध गर्दछु ।

त्यस्तै सभामुख महोदय, कोरोना भाइरसबाट सम्भावित प्रभवितलाई क्वारेन्टाइनमा बस्ने व्यवस्था गर्ने र सरकार तर्फ दैनिक ५ सय दिने भत्ता भनेर घोषणा गरिएको हामीले यो रुपमा पनि हामीले मन्त्रीजीहरु पनि बोलेको यहाँ हामीले यहाँ प्रष्ट देख्न सकिन्छ । तर त्यो किन दिइएन किन यो प्रचारवाजी गरियो? यसको विषयमा पनि म प्रश्न र यसको जवाफ माग्दछु । त्यस्तै गरी वैदेशिक रोजगारबाट फर्केर युवाहरु आउनु भाछ स्वदेशमा रोजगार गर्ने गरी आउनु भाछ सरकारको नीति तथा कार्यक्रममा यो मौन बसेको छ यसमा छैन । उनीहरुले रोजगार र स्वरोजगार बनाउनको लागि आवश्यक पहल गर्न पूर्वग्राही रुपमा बजेट समावेश गर्न आग्रह गर्दछु । म फेरि पनि के अनुरोध गर्न चाहन्छु भने यो रोजगार र स्वरोजगारको आउने बजेटमा प्रष्ट

लेखिएर ल्याउनुस् सरकारलाई म अनुरोध गर्न चाहन्छु । त्यस्तै यो १ महिना यो लकडाउन अवधिमा मैले एउटा पत्रिका पढेको थिएँ ।

माननीय सभामुख महोदय, त्यसमा के समाचार देखें । गण्डकी प्रदेशका मुख्यमन्त्री नायक शैलीमा कोभिड-१९ कोरोना भाइरस नेपाल भित्रीएपछि प्रदेश नाका तथा स्याङ्जा जिल्लाको नाकाको राम्दीमा शिल गर्ने नाममा गएको देखियो । तर नाका शिल गर्ने क्रममा जाँदा उक्त क्षेत्रका जनप्रतिनिधि नजाँदा मैले समेत स्वागत गर्न पाइन । तर यही रोष्टमबाट राम्दीमा मुख्यमन्त्रीलाई स्वागत गर्न चाहन्छु । कोभिड-१९को विषय र प्रदेशका समग्र विकासका विषयलाई कुरा गर्न जाँदा जुन प्रतिपक्ष दलको नेताको टोली एउटा मुख्यमन्त्रीज्यूको कार्यकक्षमा बोलाएर जानुहुन्छ, समय लिएर जानुहुन्छ । त्यहाँ के हुन्छ भने प्रतिपक्ष दलका नेतासमेत लेखा समितिका सभापति माननीय कुमार खड्का माननीयज्यूलाई अभद्र व्यवहार गरिएको छ । यस घटनाप्रति घोर आपत्ति जनाउँछु । अभद्र व्यवहार भएको यो नीति तथा कार्यक्रममा देखिएन । सरकार प्रमुखले प्रतिपक्षलाई देख्ने यो व्यवहार यसलाई सुधार्न जरुरी छ। त्यस्तै यो नायक शैलीको अन्त्य गर्दै प्रतिपक्ष दलको सुझावलाई नीति तथा कार्यक्रममा समावेश गर्न म जोडदार माग गर्दछु ।

त्यस्तै यो सदनमा के अनुरोध गर्न चाहन्छु भने यो सांसदको कुरा सांसदले कुरा काट्ने अथवा जवाफ दिने यो हाम्रो गण्डकी प्रदेश सरकारको हाम्रो प्रवक्ता कति जना हुनुहुन्छ ? सभामुख मार्फत सरकारलाई यसको म माग गर्न चाहन्छु । त्यस्तै नीति तथा कार्यक्रममा प्रचारमुखी देखिएको छ । आउदो बजेटमा आम नागरिकलाई कोभिड-१९बाट जोगाउने र त्यसबाट प्रभावित तथा भोकबाट बचाउने कार्यक्रमसहित समग्र प्रदेशको शीघ्र, तिब्र, विकास निर्माणमा केन्द्रित हुँदै समृद्ध प्रदेश निर्माणमा जुट्न सबैमा अपिल गर्दै विदा हुन्छु हस् धन्यवाद, जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय दिपक थापा ।

## माननीय मिना गुरुङ

माननीय सभामुख महोदय, २०७७ जेठ १८ गतेका दिन माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले, प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७-०७८ को नीति तथा कार्यक्रममा हामी यो छलफलमा जुटिराखेका छौं । यो अवसर जुटाइदिनु भएकोमा म माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रथम त देशका लागि युगान्तकारी परिवर्तनमा सहदत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसै गरी सहिद वेपत्ता तथा घाइते परिवारप्रति सम्मानसहित शीघ्र स्वास्थ्य लाभको पनि म कामना गर्छु । र कोरोनाको कारणले दिवङ्गत हुनुभएका सम्पूर्ण जनमा म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । र संक्रमित हुनुभएकाहरुको शीघ्र स्वास्थ्य लाभको पनि म कामना गर्छु ।

माननीय सभामुखज्यू, प्रदेश सरकारले यो असाधारण अवस्थामा पनि सन्तुलित र जीवन रक्षातर्फ उन्मुख नीति तथा कार्यक्रम तय गरेको छ । कोरोना महामारीबाट प्रत्येक नागरिकलाई सुरक्षित राख्न विगतमा बन्न नसकेका संरचनाहरु तयार गर्ने योजना कार्यक्रम यसमा उल्लेख छ । र विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९को महामारीबाट प्रदेशवासीको जीवन रक्षाका लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा गठित उच्च स्तरीय निर्देशक समिति र कोभिड-१९ प्रशिस् म्यानेजमेन्ट सेन्टल्ली नीतिगत निर्णय गरी स्थलगत निरिक्षण र अनुगमन र नेपाल सरकार स्थानीय तह र जिल्ला स्तरीय सिसिएम्सि सँग आवश्यक समन्वय र सहकार्य गरी कोभिड-१९ को रोगथाम नियन्त्रण र उपचारको कार्यलाई प्रभावकारी व्यवस्था गरेर पहिलेकै अवस्थामा हामीले यो भएन, त्यो भएन यो परम्परागत भयो, यो एउटा मानसिकताको

प्रकाष्ट हो कि परम्परागतै सोच हो कि भन्ने मलाई लागेको छ । र यति बेला कोरोना भन्दा खतरनाक चाहिँ एउटा मनोवृत्त पनि उपज भएको मैले देखिराखेको छु अनुभूति गरिराखेको छु र आर्थिक मामिला र योजना मन्त्रीको संयोजकत्वमा कोभिड-१९ रोगथाम नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी समन्वय समिति गठन गरी कार्य भैइ रहेको छ । विश्वको भयावह स्थितिमा कोरोनालाई रोकथाम गर्न जादुको काम त पक्कै हुन सक्दैन।

मननीय सभामुखज्यू, कोरोना महामारीको कारणले शिथिल बनेको अर्थतन्त्रलाई यो नीति तथा कार्यक्रमले सिजन प्रदान गरेको छ र महामारीको प्रकोपबाट बच्न घर फर्किएका नागरिकलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने, कृषिमा उद्योमशीलताको विकास गर्ने, सौलियत ऋण तथा अनुदानको व्यवस्था रोजगारी गुमाएकाहरुलाई स्वरोजगार बनाउने, व्यवसायिक तालिम, जेष्ठनागरिक, महिला उत्पीडित र अपाङ्गता भएकाहरुको सामाजिक सुरक्षा खोज्न निरन्तरता प्रदानका कुराहरु हामी सबैले देखेकै छ, बुझेकै छ। विशेष संरक्षण गर्नुपर्ने वर्गमा सरकार सबैसाथ रहेको छ, रहने छ । यो नीति तथा कार्यक्रमले कोही खाली बस्नु पर्दैन सबै रोजगार बन्ने छन् भन्ने कृषि, पर्यटन, उद्योग, यातायात निर्माणलगायतका व्यवसायलाई महामारीले पारेको असरका आधारमा क्षेत्रगत पुनर्उत्थान विशेष कार्यक्रम सञ्चालन गरिने पनि भनिएको छ । यसै गरी अहिले यो जुन १ नं. बुँदा देखि १८६ नं. बुँदासम्म मैले सर्सर्ती अध्ययन गर्दा समृद्ध प्रदेश र सुखी नागरिक बनाउन जुन किसिमको आफ्नो दीर्घकालीन लक्ष्य प्राप्तिका लागि देशमा कोरोनाले मच्चाएको महामारी भित्रबाट पनि आफ्नो प्रबल आत्मविश्वासका साथ अगाडि बढेको यो नीति तथा कार्यक्रम सान्दर्भीक छ । असाध्यै वैज्ञानिक छ र यसमा मेरो पूर्ण समर्थन पनि छ र यसको लागि म हाम्रो सरकारलाई धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुखज्यू, नीति तथा कार्यक्रम अमुर्त विषय हुन। अब यसलाई प्राण भर्न बजेटको भूमिका हुनुपर्छ र त्यस जुन नीति तथा कार्यक्रम छ, त्यसै मुताब हाम्रो बजेट विनियोजित गर्नु पर्छ भन्ने कुरामा हामी सबैको एकतापूर्ण धारणा पनि आएको छ ।

माननीय सभामुखज्यू, उडायो सपना हुरीले भने जस्तै उडायो सपना कोरोनाले हामी अति पिडादायी अवस्थामा गुज्रीरहेका छौं । हाम्रो बन्नलागेको संरचना, विकासको योजना व्यक्तिव्यक्तिका अनेक सपनाहरु कोरोनाले भताभुङ्ग बनाएको छ । अब नीति तथा कार्यक्रममा बजेटप्रति हामी सबै जनताको सम्पूर्ण हाम्रो नागरिकको ध्यान केन्द्रित छ । त्यसैले बढी होसियारीपूर्ण रुपमा जनताको घाउमा मलम लगाउने कार्य हामी थाल्दै छौं र यति बेला ५ प्रतिशत व्याजमा लगानी गर्ने सरकारको नीति, उद्योमी, व्यवसायीलाई सायद केही राहत हुन्छ होला भन्ने हामीलाई विश्वास छ । जो श्रमीक वर्ग जसले आफ्नो रोजीरोटी गुमाएर हातमुख जोड्न धौधौ परेको अवस्था छ । कर्मचारीले पारिश्रमीक नपाउने अवस्था छ । चैत्र महिनाको पारिश्रमीक पनि नपाएको र यसमा पनि हाम्रा शिक्षकहरु यसै गरी औद्योगिक कलकारखानाहरुमा काम गर्ने हाम्रा मजदुरहरुको पारिश्रमीक दिलाउन हामी सबैको ध्यान केन्द्रित हुनुपर्छ र प्रदेश सरकार, स्थानीय सरकार र हाम्रो केन्द्र सरकारलाई म विशेष रुपमा म यसमा जोड दिन चाहन्छु ।

माननीय सभामुखज्यू, कोरोनाबाट बच्न अपनाउनु पर्ने सबै उपाय अपनाउँदै अब हाम्रो मोडल पनि हामीले परिवर्तन गर्नुपर्छ । रोग ठूलो कुरा हो तर भोक सानो कुरा होइन माननीय सभामुखज्यू , हामी ज्यादै गम्भिर मोडमा छौं । सरकार आफ्नो बलबुटामा टेकेर लागेको छ तर पनि सबै व्यवस्था सोचेजस्तो हुन सक्दैन किनकि मानवभित्रका गलत सोच हाम्रा कारक तत्वहरु हुन सक्छन । यो विषय परिस्थितिमा पनि जनता लुट्न चाहने विचोलियाप्रति पनि हामी यति बेला सचेतना अपनाउनु पर्ने स्थिति सिर्जना भएको छ । समुदायमा दैनिकी रुपमा खानुपर्ने तरकारीको भाउ दोब्बर बढेको छ ।

यसै गरी माननीय सभामुखज्यू, सरकारको अथाह मेहनतका साथ आएको नीति तथा कार्यक्रमले जुन किसिमको ठूलो मर्कामा परेका हाम्रा होटल, ट्र्याकिङ, निजी विद्यालय, यातायात, स्वास्थ्यकर्मी, निर्माणलगायतमा काम श्रमिकप्रति नीति तथा कार्यक्रममा सम्बोधन भए तापनि एक मुस्टमा आएको छ । अब विशेष बजेट यसमा सम्बोधन होस् भन्ने मेरो विशेष आग्रह पनि छ, अनुरोध पनि छ । यसै गरी सानासाना व्यवसायि स्वरोजगार सौन्दर्यकर्मी र सरकारको स्वामित्वमा रहेका सरकारी कार्यलयमा दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरुले कुनै ज्याला, राहत र काम नपाएको पनि म यति बेला नीति तथा कार्यक्रमको यो छलफलमा हामी जुटिरहदाखेरी म विशेष सरकारलाई अनुरोध गर्न चाहन्छु । यतातिर यहाँहरुको ध्यान केन्द्रित गर्न चाहन्छु ।

कोरोनाको यो महामारीमा अग्रपंक्तिमा काम गर्ने हाम्रा पत्रकार, कर्मचारी, जनप्रतिनिधि, राष्ट्रसेवक, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, चिकित्सक, एम्बुलेन्स चालकहरुको रक्षार्थ हामीले अपनाउनु पर्ने यो पिसिआर जुन किसिमको सुविधा छ यतातिर पनि सरकारको ध्यान जाओस् । विशेष गरेर हाम्रा प्रत्रकार साथीहरुको धेरै गुनासो पनि आइरहेको छ । उहाँहरुलाई पनि पीसिआरबाट हामीले जाँच गराएर सुरक्षाको एउटा प्रत्याभूति गराउनु पर्छ भन्ने कुरा पनि म विशेष जोड दिन चाहन्छु ।

माननीय सभामुखज्यू, नीति तथा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट तर्जुमा हुनुपर्ने कुरा त छदैछ तर अझै हाम्रो नीति तथा कार्यक्रमले सबै कुरा समेटेर सबै कुरा वैज्ञानिक ढङ्गले यहाँ व्याख्या गरिरहदा पनि केही कुरा अज विश्लेषणात्मक ढङ्गले हामीले लैजानु पर्ने कुरा छ । विशेष यसमा महिलाको कुरामा यो सशक्तिकरण भन्ने शब्द हामीले देखेका छौं । र महिलालाई आय आर्जनमा जोड्नको लागि महिलालाई विशेष किसिमको ऐले एउटा क्षमता अभिवृद्धिका लागि हामीले यो वर्षको बजेटमा हामीले मन खोलेर आफ्नो बजेट तर्जुमा गर्नुपर्छ भन्ने मेरो अनुरोध छ र अहिले मानव आश्रम जस्ता धेरै सेवा गर्ने एउटा वृद्धवृद्धा र जेष्ठनागरीकको लागि र वेसाहारा नागरिकको लागि जुन किसिमको एउटा घर, एउटा थलो, एउटा गृहको

व्यवस्था गरेका त्यस्ता संस्थाहरुलाई हामीले विशेष किसिमले संरक्षण गर्नुपर्छ भन्ने पनि मेरो माग छ ।

माननीय सभामुखज्यू, अहिले बजारमा अहिले समाजभित्र अहिले हाम्रो नागरिकहरुमा चर्को एउटा आवाज उठिराखेको छ । करको आवाज । कर उठाउनु पर्छ । समय अहिले कस्तो हो त ? के हो त यो बेला हामीले कर उठाउने जरुरी छ । कर उठाउनै पर्छ तर यो उतित समय र उचित व्यवस्था नभएसम्म यो करको दायरा भित्र र कर उठाउने विषयहरुलाई स्पष्ट रुपमा नीतिमा सरकारले ल्याउनुको साथै यसबाट हाम्रो सम्पूर्ण नेपाली नागरिकलाई, व्यवसायिलाई, उद्यमशीलतामा लागेकाहरुलाई यसले चाहिँ हामीलाई जुन दिनुपर्ने किसिमको एउटा आशवासन एउटा राहतको कुरा पनि जोडेर आउनुपर्छ होला र यसमा करसम्बन्धी उठेका विभिन्न विभादासपद कुराहरुमा सरकारले छिट्टै ध्यान पुऱ्याएर यो सम्बन्धी स्पष्ट नीति तय गरेर जनतालाई बुझाउनु पर्ने आवश्यक छ । किनकि करले यति बेला ज्यादै डर सिर्जना पनि भएको छ ।

माननीय सभामुखज्यू, त्यसैले कर आवश्यक छ तर स्थिति र समय उचित छैन यतातिर ध्यान पुगोस् भन्ने म अनुरोध गर्न चाहन्छु । विशेष गरेर अहिले यतिबेला

माननीय सभामुखज्यू, बुँदा नं. ६२ मा सम्बोधन भएका सामाजिक सुरक्षामा आबद्ध गराइने ज्यालामा हुने लैङ्गिक विभेदलाई अन्त्य र कार्यक्रम हिंसा न्यूनिकरण भन्ने जुन योगदान भन्ने शब्द नलेखिएका हाम्रो शब्दहरु छन् त्यसमा योगदानमा आवश्यक सामाजिक सुरक्षा भन्ने कुरा जोडिनु पर्छ भन्ने कुरा म विशेष जोड दिन चाहन्छु । योगदानमा आवश्यक सामजस्यता एउटा विशेष सुरक्षा हो । यसमा चाहिँ योगदान गरेका हुन्छन् । श्रमजिवी वर्गले त्यसैले यो व्याख्या सही ढङ्गले त्यहाँ आएको छैन कसका सुरक्षा भनिएको छ । त्यो श्रमजिवीको लागि न्याय संगत हुन सक्दैन । योगदानमा आधारित हामी शिक्षक भन्ने कुरा नलेखिएको मैले त्रुटि भएको पनि मैले

जानकारी गराउन चाहन्छु । यसमा सच्याउनहुन र यो बारे स्पष्ट नीति तथा कार्यक्रम पनि ल्याउनहुन बजेट पनि यसमा विनियोजित गर्नु हुन पनि म यो सम्बन्धी गर्नुपर्ने हरेक हाम्रा जनताको लागि श्रमिकको लागि गर्नुपर्ने कुराहरुमा सरकारको ध्यान जाओस् भनेर म विशेष ध्यान जाओस् भन्न चाहन्छु ।

किनकि यो योगदानमा आधारभूत सामाजिक सुरक्षाले दुर्घटना र अशक्त र सुरक्षा प्रदान गर्छ औषधि उपचार र स्वास्थ्य तथा मातृत्वलाई सुरक्षा प्रदान गर्छ आश्रित परिवार सुरक्षा योजना छ । वृद्ध अवस्था र सुरक्षा योजना यसमा समेटिएका छन् ।

माननीय हाम्रा सभामुखज्यू यो विशेष आजको यो हाम्रो नीति तथा कार्यक्रममा छलफल गरिरहँदा बुझ्नुपर्छ । र मैले बुझाउने चेष्टा धेरैनै चोटि गरिराखेको छु ।

माननीय सभामुखज्यू , र अहिले यति बेला हाम्रा जुन महिला साथिहरु घरघरमा बसेर मानसिक रुपले र जुन किसिमको एउटा अशक्त रुपमा पुगेका छन् महिलाहरु अहिले धेरै हिंसा र पीडामा परिराखेका छौं र अनेकौं नागरिकहरु ऐले विशेष गरेर यो आफ्नो आत्म हत्या गर्ने घटनाहरु बजारमा आइरहेको छ । हामीले केही घटनाहरु सुन्दै छौं। समाचारबाट भने यतातिर पनि सरकारको ध्यान हुनुपर्छ र मनोचिकित्साका हाम्रा त्यस्ता विधिहरु अपनाएर अब सरकारले जनतालाई विशेष किसिमको संरक्षण राहत र सुरक्षा व्यवस्था गरिनु पर्छ भन्ने कुरामा जोड दिँदै मलाई यो बोल्ने अवसर दिनुभएकोमा फेरि एक पटक माननीय सभामुखज्यूलाई धन्यवाद दिँदै म आज्ञा चाहन्छु नमस्ते !

## माननीय सभामुख

माननीय सदस्य श्री दीपक थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यस पछि माननीय मणिभद्र शर्मा ।

## माननीय दीपक थापा

माननीय सभामुख महोदय, आज हामी २०७७-७८ सालको नीति तथा कार्यक्रममा हामी छलफल र यसमा भएका नीतिहरुबारे कार्यन्वयन गर्ने र यो भन्दा विगत वर्षका योजनाहरु र आगामी वर्षका अब आउने योजनाहरुलाई कार्यन्वयन गर्नको निम्ति हामी एउटा सल्लाह, सुझाव रायमा हामी यहाँ छलफलमा उपस्थिति छौं । त्यसैले यहाँ सबै माननीयज्यूहरुले पनि आफ्नो राय आफ्नो सुझावहरु यहाँ व्यक्त गरेको छ। त्यसैले म पनि आफ्नो राय यहाँ राख्न अनुमति गर्न चाहन्छु ।

महोदय, यो जुन कि हाम्रो ७७÷७८ सालको नीति कार्यक्रम यो सबै मलाई ठीकै लागेको छ । जुन कि यहाँको हाम्रो यहाँको एउटा वस्तुगत अवस्था, हाम्रो आफ्नै यो प्रदेशको आत्मगत अवस्था र अहिले कोरोना भाइरसले संक्रमित भएर विश्व नै अहिले पीडित भएको बेलामा सन्दर्भमा जे जति यहाँ समेटेको छ यो समय सान्दर्भिक पनि यो ठीकै छ । तर मैले विनम्र अनुरोध के मात्रै गर्न चाहेको भने, जुन हाम्रो कार्यनीति हाम्रो ठीक हुँदाहुँदै पनि तर हाम्रो कार्यक्रमहरु कार्यान्वयन हुने पक्षमा कहीं हामी आफैबाट पनि कँही ढिलासुस्ती हुने, कही यसलाई कार्यान्वयनमा अन्यौल हुने यो खालको हामीसँग एउटा रहेको छ । त्यसैले यसलाई सच्याउनुका साथ कही यसका शब्दहरु, कहीँ यहाँका केही योजनाहरु अपुरो र त्यहाँ हुनसक्छ त्यसैको विषयमा मैले थोरै सुझाव मात्रै राख्न चाहैं ।

मलाई सबैभन्दा लागेको यहाँका जुन पहिलो कुरा त मलाई लाएको जुन कि हाम्रो यो राज्यको संरचना र राज्यशक्ति बाँडफाँडमा यस हिसाबले यसमा प्रदेश कार्यक्षेत्रमा शासकीय प्रणालीको सम्बन्धमा थोरै मलाई लागेको सुझाव राख्न चाहैं । के हाम्रो संविधानले २०७२ सालको संविधानले हाम्रो शासन प्रणाली संघीय राज्यको त्यसको शासकीय शक्ति केन्द्र र प्रदेश र स्थानीय तह बीच ठाडो रेखा भर्टिकल विभाजन भएको छ । शासन प्रणालीको हिसाबले संघ राज्य प्रतिनिधि सभाका सभा वा संसद या शासन प्रणाली अपनाएको छ । जसमा केन्द्रमा संवैधानिक सरकार प्रमुख कार्यकारी प्रमुख प्रधानमन्त्रीको व्यवस्था गरिएको छ । त्यसै गरिन प्रदेशमा प्रदेश

मुख्यमन्त्रीको व्यवस्था गरिएको छ । यसरी नै जुन कि स्थानीय तहमा त्यहाँ एउटा नगरपालिकामा नगर प्रमुख र गाउँपालिकामा अध्यक्षहरुको व्यवस्था गरिएको छ । तर मलाई यहाँ लागेको प्रशासनीयक कार्यसम्पादनमा स्थानीय तहहरुमा प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख, संघ अन्तर्गत नै रहेको राखिएको छ र अरु कर्मचारी स्थानिय तह अनुसार व्यवस्था अरु कर्मचारीहरुको व्यवस्था गरिएको छ ।

यी प्रदेशको स्थानीय तहमा प्रशासन प्रणाली कार्यसम्पादन व्यबस्थापन गर्ने कर्मचारीमा हाम्रो उपस्थिति अभाव देखिएको छ । त्यसैले मैले यो कुरा किन उठाउन खोजेको हो भने, हाम्रा प्रदेशबाट आएका जुन योजना, कार्यक्रमहरु, हामीले काम गर्ने थलो भनेको नै त्यो एउटा स्थानीय तह हो । त्यसैले त्यसमा हाम्रो उपस्थिति यसो भइसकेपछि हामीले जति प्रतिफल लिनुपर्ने हो। त्यो प्रतिफलमा पनि त्यति अभाव रहने, त्यसको सत्यतथ्यता नआउने भएकोले यसले सम्बोधनमा भने अनुसार त्यसमा हाम्रो उपस्थितिको निम्ति पनि जरुर यस्तो व्यवस्था हुनुपर्छ भन्ने मैले यो सभा अथवा यो सदनमा त्यसको पनि एउटा बहस, छलफल हामले सम्बन्धित निकायमा पनि एउटा छलफल बहस हुनुपर्छ । यदि हाम्रो त्यो खालको प्रशासनिक निकायहरु, हाम्रो प्रशासनिक नेतृत्व भएन भने हामो कुनै पनि जिम्मेवारी पूरा हुन सक्दैन र त्यो कामहरु परदर्शी पनि हुन सक्दैन मैले यत्ति मात्रै अनुरोध गर्न चाहन्छु ।

यसैगरी, अर्को कुरा मैले यहीँ राखे कि, प्रदेश सरकार र स्थानीय सरकार बीचमा समन्वय र सहकार्य गर्ने प्रदेशको आफ्नो नै समन्वयकर्ता अथवा प्रतिनिधि सकिन्छ ८५ पालिकामा एक-एक जना र सम्भव हुँदैन भने जिल्लासम्म उपस्थिति हामीले गराउनुपर्छ । यसको मैले छलफल र यो खालको नीतिमा पनि यसलाई मिलेसम्म थप गरेर लैजान मैले अनुरोध गर्न चाहें र सबै सुझाव यहाँ राखेको छु र यो भन्दा अगाडि जुन कि जिल्लामा समन्वय भूमिका एउटा जिल्लाले दिएको, जिल्लाको सभापति वा त्यहाँ दिएको त्यसको सिधै थुप्रै जिल्लाको प्रमुख अथवा सिडियो हुनुहुन्छ, त्यसकारणले त्यही खालको आधार हुन्छ र त्यसको कुनै अधिकार नभइसकेपछि

हाम्रो उपस्थिति त्यहाँ ढिलो हुन्छ । त्यसैले जब यसरी नै हामी गरौं भने त्यसकारण हाम्रा प्रदेशका जुन कि नीति कार्यक्रमहरु एउटा सुशासन दिने बेलामा अथवा आर्थिक गर्ने बेलामा अथवा राजनीतिक कुरा गरौं, अथवा सामाजिक सुरक्षाको कुरा गरौं, अथवा अरु भौतिक निर्माणदेखि विकासको कामहरु यसले ठीक ढंगले अनुगमन, यसको नियमन र एउटा प्रदेशको कामको लक्ष्यहरुको, यो कामको विफल्डहरु यो यथार्थ आउने दिन हुन्छ जस्तो मलाई लाग्छ र यसै आधारमा अब मलाई लागेको फेरि यही जिल्लाका जुन  कि जुन सिडियोहरु अब माथिबाट आएको हुन्छ, हाम्रो हामीसँग उनीहरुको कुनै पनि त्यस्तो नियमन गर्ने हाम्रो अधिकार हुँदैन ।

त्यसो भएको हुनाले भोलि कम्तीमा पनि कार्यसम्पादनमा थोरै हाम्रो पनि त्यहाँ केही न केही राखेको भए सजिलो हुन्थ्यो कि  सरुवा, बढुवालगायतको कुरा भयो कम्तिमा पनि सरुवा र त्यहाँको कार्यसम्पादन मूल्यांकन गर्नेसम्म यति त्यो प्रदेशलाई त्यो अधिकारहरु, त्यो खालको कार्यसूचीमा राख्न पाएको भए राम्रो हुने थियो होला । त्यसले सुचारु रुपले र सही किसिमले यसले प्रदेश सरकार चल्थ्यो होला भन्ने मेरो एउटा राय राख्न चाहें ।

अर्को कुरा यहाँनेर मैले फेरि पनि शक्ति बाँडफाँडको जुन कि क्षेत्र अधिकारको कुरा राख्न चाहें । प्रदेश माननीय सदस्यहरुलाई प्रदेशका सबै विकास निर्माण कार्यमा सक्रियताका साथ अनुगमन र नियगमन गर्न भूमिकाको जिम्मा दिनुपर्ने हुन्छ । कि अहिलेसम्म कतै कतै यो खालको कुनै जिम्मेवारीबाट, आफ्नो कर्तव्यबाट, आफ्नो भूमिकाबाट, आफ्नो दायित्वबाट यो विचलन नभनौं कतै अलमलिएको हो कि जस्तो लागेको हुनाले त्यसले ठोस परिणाममा लएम भने यसले जुन कि हाम्रो सबै आफ्नो जिम्मेवारी पूरा हुनेछ । र जनताबाट पनि हामी सम्बन्धित ठाउँमा जोडिन सक्छौं । अब यो खालको जुन कि अहिलेसम्म त्यहाँका विकासका कामहरु, योजनाका कामहरु, कुनै पनि त्यहाँ कर्मचारी राख्ने कामहरु, कुनै त्यस्तो पर्यो भने तलबाट यसो गरिदिनुहोस् माननीय, उसो गरिदिनुहोस् माननीय भनेर आउनु सबैलाई त्यो खालको सुझाव,

सल्लाहहरु त्यसरी नै घेराबन्दी गर्ने तर यहाँबाट हाम्रो गरेको विकास निर्माणको कामहरु फलोअफ भइसकेपछि तपाईं हामीलाई कुनै पनि खोज्ने, कुनै पनि सोध्नी, कुनै पनि त्यस्तो खालको हामीसँग आउँदैनन्।

त्यसैले त्यो खालको जिम्मेवारी दायित्व माननीयहरुलाई दियो भने आफ्नो दायित्व पूरा हुन्छ अर्को हामीले ल्याएको योजनाहरु पनि पूरा हुनी र कही अस्पष्टता कतै यो फजुल पनि नहुनी भएकाले यो सुझाव राख्न चाहें । त्यसैले जुन कि हाम्रो यो कार्यविधिमा मेरो भन्नु केही छैनन् । तर केही कुरा समग्रमा मलाई लागेको अहिलेको सन्दर्भमा सबैसँग भन्दाखेरि अहिले हामी यो मध्यसत्तामा संवैधानिक जुन संघीय गणतन्त्रमा यहाँ हामी जुन एउटा आत्मनिर्भर अर्थतन्त्रको यहाँ एउटा लक्ष्यसहित राखिएको छ । त्यसैले अहिलेको यो अर्थतन्त्रको अहिले उदारवाद अर्थतन्त्रलाई हामीले निरन्तरता दिएर जाने हो कि, एउटा राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको लागि यसलाई लिएर जाने हो  यसका निम्ति पनि बहस र छलफल गर्न जरुरी देखिन्छ किनभने यदि हाम्रो आत्मनिर्भर राष्ट्रनिर्भर अर्थतन्त्र हामीले अघि बढाउनका लागि त्यस्तो खालको केही चिजहरु शिक्षा, स्वास्थ्य चिजहरु प्राइभेट, आफ्नो निजीहरु छन्।

त्यसैले गर्दा गम्भिर संकटहरु परिराखेको छ कि जुन यही एउटा महामारी कोरोना भाइरसले पनि जुन आक्रमण गर्ने बेलामा यसको आधारमा कतिपय प्राइभेट कोटा जुन वितरण भन्नुहोस्, अथवा स्वास्थ्य भन्नुहोस् त्यहाँ त्यो खालको सेवा सुविधा भन्नुहोस् अझै हस्पिटलहरुमा त्यसकारणले उपचार गर्नै मान्दैन अरु साधारण यो बाहेक पनि अरु उपचार गराउन मान्दैनन् । यो खालको स्थिति भएको हुनाले त्यो खालको राज्यको आफ्नो मातहतमासम्म ल्याउन सक्यो भने हामी यसले अगाडि बढ्न सक्छौं ।त्यसैले चीनमा यो महामारी रोग पहिले लागेको हो उहाँहरुले एउटा नियन्त्रण गरेर आयो र अहिले त्यहाँ एउटा करिब एउटा नियन्त्रणमा छ तर त्यसरी नै अमेरिकामा संसारमा सबै नै आक्रमण गरिराखेको छ ।

बढी मृत्यु एक लाख भन्दा बढीको मृत्यु भइसकेको छ । तर के त्यहाँ असक्षम हो? के त्यहाँ डक्टरहरु नभएको हो ? तर कही न कहीं त्यहाँ अर्थतन्त्रको कही न त्यसको समस्या रहेन त्यसैले त्यो खालको एउटा अर्थतन्त्रको आधारले गर्दा नीजि छ, आफ्नो निजी स्वामित्वहरु छन् । त्यसले गर्दाखेरि त्यो खालको मान्छेमा केन्द्रित गर्न सकेन त्यहाँका स्वास्थ्यहरुलाई, त्यहाँका प्राविधिहरुलाई, त्यहाँका अर्थतन्त्रलाई भयभित भएको । ( माननीय समय सकियो) त्यसैले बेलैमै यति छलफल गर्ने हो भने हामी यहाँनिर यही खालको अरु विषयवस्तुलाई पनि छलफलमा राख्ने अनुरोध गर्दै म यही विदा हुन चाहन्छु हवस् त नमस्कार ।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु । त्यस पछि माननीय श्री रोशन गाहा मगर ।

### माननीय मणिभद्र शर्मा

माननीय सभामुख महोदय, हाम्रो नीति तथा कार्यक्रमका पाँचौं छैठौं पेजहरुसम्म अलिअलि समिक्षा, अलिअलि राजनीतिक कुरा यहाँ भेटियो र ती विषयवस्तुले वक्ताहरुको ध्यान पनि आकर्षित गर्यो र मैले त्यसको सन्दर्भमा अलिकति बोल्न मन लाग्यो । नेपाली काँग्रेसको संस्थापक नेता वि.पी कोइरालाले १५ देखि १७ सम्मको १८ महिने शासनकालमा इन्डियाको नेरु र चीनको चावेल र माओत्से तुङलाई हाम्रा देशमा उनीहरुले गरेका ज्यादतीका विरुद्ध असाध्यै सक्षम तरिकाले, असाध्यै कुटनीतिक सफलताका माध्यमबाट नेरुलाई नेपालको उत्तरी सिमामा हाम्रो पनि हो भन्ने भावको विरुद्ध सदनमा खण्डन गर्न बाध्य तुल्याउने काम र चावलेन र माओत्से तुङलाई सगरमाथा नेपालको हो भन्न लगाउने र मुस्ताङमा मारिएका जनताको क्षतिपूर्ति दिलाउने काममा सहमत गराउने सफलता प्राप्त गरेको वी.पी कोइराला फेरि इन्डियाले झैं निर्वसमा बस्दाखेरी पनि यसले जे जे भन्यो त्यही मानेन भनेर नेपालमा फर्कन बाध्य तुल्याएको राष्ट्रियताको सबालमा अडान राख्य ो भनेर बाध्य तुल्याएको वी.पी

कोइराला र उहाँकै नातिनी मनिषा कोइरालाले अहिले फेरि राष्ट्रियताका बारेमा अडान राखेबापत इन्डियाबाट लखेटिन परेको स्मरण गर्दै २०१७ सालपछि राजा महेन्द्र र जिएन एबि पार्टी कम्युनिष्टहरुको एउटा साँठगाँठमा काँग्रेसका विरुद्ध एउटा अभियान चलाइएको थियो । त्यो अभियानको एउटा सानो झिल्को यस प्रदेश सभामा पनि झिलिक्क बल्यो । त्यसमा मैले नेपाली काँग्रेको जस्तो पार्टीका बारेमा त्यस्तो हल्काफुल्का रुपमा नबोलिदिनका लागि अनुरोध गर्दै आफ्ना कुरालाई अगाडि बढाउन चाहन्छु ।

कोरोनाको विरुद्धमा लकडाउन बाहेकका अरु थुप्रै कुराहरुमा होस पुर्याउन सकिएन। मेरो बागलुङबाट बेल्जियमबाट आएका दुई जना दिदीबहिनीहरु काठमाडौं मै चेकजाँच गरिएको भए बाग्लुङमा हामीले त्यो त्रास भोग्न पर्दैन्थ्यो । त्यस्तै गरेर इन्डियाबाट बोर्डरमा आएका दाजुभाइहरुलाई, दिदीबहिनीहरुलाई सहज रुपमा यता आउन दिएर व्यवस्थापन गरेको भए नदीमा हाम फालेर र खुला बोर्डरबाट फेरि अवैधानिक बाटोबाट भित्र पसेर हामीलाई ट्रेसिङ गर्न अप्ठ्यारो हुने गरी जुन समस्या सिर्जना भयो। जसका कारणले एउटै घरमा १५—१६ जना मान्छेसम्म संक्रमित भएर अहिले त्राहत्राह भएको छ । त्यो काम पनि सरकारले गर्नुपर्ने हो भन्ने सबै मान्छेले बुझेका छन् । त्यस्तै गरेर अहिले पनि बाटोबाट आऊ तनि आऊ अब नेपाली दाजुभाइलाई आउन दिन्छौं भन्न त भन्यो नेपाली काँग्रेसे दुई तीन वटा वक्तव्य जारी गर्यो । नेपाली दाजुभाइहरुलाई सहज रुपमा आउन दिनुपर्छ र व्यवस्थापन गर्नुपर्छ भनेर । त्यो कुरा अहिले सरकारले स्वीकार त गर्यो तर फेरि क्वारेन्टाइनमा व्यस्थापन गर्न सकेको छैन ।

क्वारेन्टाइन नै आफै संक्रामक उद्योग बन्न पुगेको छ । त्यो पनि गर्व गर्न लायक कुरा हो कि होइन ? हुस्सुपन हो कि होइन ? हामीले त्यसको जिम्मा लिने कि नलिने सरकारले ? यी पक्षहरु आज यहाँ बोल्न बाध्य भइएको छ । नीति तथा कार्यक्रमले यस्ता पक्षहरुलाई गम्भिरताका साथ लिएको छैन । आज इन्डियाबाट मानिसहरु

आइरहँदा बागलुङको एउटा वार्डमा मैले आज बिहान सम्पर्क गरेको थिएँ । तीन सय जना मान्छे क्वारेन्टाइनमा छन् । एउटा गाउँले एउटा वडा पालिकाहरुले सक्छन् ? त्यस्तो व्यवस्थापन गर्न ? तिनको संघीय सरकारले, प्रदेश सरकारले के नीतिका कार्यक्रममा ती पालिका सरकारहरुलाई मनोबल बढाइदिन्छ । यहाँ यी नीति तथा कार्यक्रमहरुमा त्यस्ता कुराहरु प्रष्ट आउनु पर्दथ्यो ।

यो कोरोनाको विरुद्धको अभियान मुख्य गरेर नीति केन्द्रले बनाएको छ । संघीय सरकारले बनाएको छ । प्रदेश सरकारको नीति, पालिका सरकारका नीतिहरु कार्यान्वयन भएका छैनन् । लकडाउन गर्नी केन्द्रले भन्यो गर्नी । नगर्नी नगर्नी यहाँ। हाम्रो कुनै आफ्नो नीति कुनै आफ्नोपन खासै रुपमा केही देखिएको छैन । यो सन्दर्भलाई हामीले ध्यान दिएर भन्नुपर्दा हामी केन्द्रतिर मुख ताकेर बोल्नुपर्ने भएको छ। शुरुमै महामारीका विरुद्ध कोरोना महामारीका विरुद्ध सामग्री जुटाउने अभियानमा सामग्री खरिद गर्दै भ्रष्टाचारको गन्ध आयो । भ्रष्टाचार त भएकै छ नि ह भनेर सरकारले स्वीकार पनि गर्यो । तिनीहरुलाई अलिकति बाहिर बस है पनि भन्यो तर कारवाही गर्दैन त्यहाँबाट के प्रभाव पर्यो मानिसलाई भने सरकारले राहत कोष खडा गर्यो । जनताले उत्साहित भएर त्यो राहत कोषमा पैसा हाल्न चाहेनन् । यो लापरवाही हो कि होइन ? यस्तो लापरवाहीबाट हामी बच्न सकिन्छ कि सकिंदैन ? यो पक्ष आज हामी बाध्य भएर बोल्न परिरहेकै छ । सर्वदलीय सर्वपक्षीय संयन्त्र बनाएर यो महामारीका विरुद्ध लडौं भनेर पूर्व प्रधानमन्त्रीहरु नेपाली काँग्रेसको केन्द्रीय सभापति शेरबहादुरसहितको पूर्व प्रधानमन्त्रीहरु प्रधानमन्त्रीलाई भेट्न गए ।

उहाँलाई उपहार गरेर पठाइदिनुभयो । यो महामारी राष्ट्रिय संकट हो भन्ने कुरा सबै बुझेका थिए । त्यो राष्ट्रिय संकटमा सबैलाई साथ दिएर जानुपर्छ भन्ने कुरा महसुस नगर्दा नगर्दै पनि नेपाली काँग्रेस पार्टीले यो महामारीका पूर्ण रुपमा सरकारलाई साथ दिइरहेको छ र यहाँको प्रदेश सरकारलाई हामीले यो समस्यामा जुध्नका लागि केही सुझावहरु लिखित रुपमा पनि दुई पटक दिइसक्यौं र आज राहत उपलब्ध गराउने

जुन कोष हो त्यो कोषमा मान्छे त उत्साहित भएनन् भएनन्, राहत वितरणमा सर्वपक्षीय, सर्वदलीय संयन्त्र पनि भएन । अनि जो मानिसहरुले स्वेच्छिक रुपमा राहत विरण गर्न, खान नपाएका भोकाहरुलाई अन्नदान गर्न, भात पकाएर खुवाउन थाले तिनलाई पनि फेरि प्रहरी लगाएर थुनिदिने धम्की भयो ।

नेकपाका कार्यकर्ताहरुले लाठी लिएर तेरा खुट्टा भाँचिदिन्छम भन्दै दाताहरुलाई तर्साउने काम भयो । अर्कोतिर फेरि नेकपाका कार्यकर्ताहरु काँधमा, पिठ्युँमा बोरा बोकेर फेसबुक अभियान चलाउन पनि चुक्नु भएन । यस्तो पनि वेथिति हामीले भोग्नै पर्यो । त्यसका बारेमा पनि नीति तथा कार्यक्रमले समीक्षात्मक टिप्पणी गरिदिएको भए चित्त बुझ्थ्यो होला । हामीले कम्तिमा पनि ६ महिनासम्म पुग्ने अन्न भण्डारण गरौं । यो अहिले प्रदेश सरकारले तीव्रताका साथ गरोस् भनेर दियौं । अहिले अत्यावश्यकिय खाद्य सामग्रीहरु आज बिहानको मैले बजार सर्भे गर्दा यो दुईमहिना भित्रमा ४० प्रसेन्ट मूल्य बढेको छ ।

तरकारी, फलफूलहरु त ७०, ८०, १०० प्रसेन्टसम्म मूल्य बढेको छ । हामीले भण्डारणको व्यवस्था गरेको भए र त्यता हामी चनाखो भएको भए यो मारबाट जनतालाई बचाउन सक्थ्यौं कि हामीले त्यहाँ होस् पुर्याएनौं कि ? भनेर आत्मसमीक्षा गर्ने कि नगर्ने ? नीति तथा कार्यक्रमले अब भोलिका दिनमा पनि हामीलाई यी समस्याहरु आउँदैछन् अझै विकराल बन्ने हो कि भन्ने डर छ र त्यसतर्फ चनाखो हुन होसियारी भएको छ कि छैन ? मैले धेरै पटक भन्ने गरेको छु । पटक—पटक भन्ने गरेको छु, हामीले उद्योग धन्दा चलाउनका लागि उत्पादन लागत कम गराउने कुरामा हाम्रो चिन्ता जानुपर्छ । आज नेपालका सबै मानिसहरुले उत्पादनतिर होइन, सरकारले व्यापारतिर ध्यान दिइरहेको छ । पुलिस आर्मी व्यापारतिर ध्यान दिइरहेको छ । तर उत्पादनतिर ध्यान दिएको छैन किन दिएको छैन ? भने यहाँको उत्पादन लागत बढी छ र चीन, भारतलगायतका अरु देशसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् ।

त्यसलाई लागत कम गराउने हाम्रो नीति तथा कार्यक्रम कहाँ छ ? कुन बुँदाले त्यो कार्यक्रमलाई प्रष्टयाएको छ ।

त्यतातिर हामीले चिन्ता गर्ने कि नगर्ने ? हामी आत्मनिर्भर बन्ने हो भने हाम्रो चिन्तन त्यसतर्फ हुन जरुरी छ कि छैन ? त्यो पनि देखिएन । हाम्रो वैदिक विज्ञानले गाई गोरुको दिशापिसाबबाट फलेको अन्न खाएको मान्छे स्वस्थ हुन्छ र सन्तुलित बुद्धिको हुन्छ भनेको छ । अहिले हामीले कृषि नीतिको कुरा गर्दा, कृषि उत्पादन बढाउने कुरा गर्दा पशुपालन र कृषिलाई एकिकृत रुपमा सँगै लिएर जानुपर्दछ र कृषकहरुलाई निर्वियाजे ऋण दिनुपर्छ कम्तिमा ५ वर्षका लागि । कम्तिमा ५ वर्षका लागि निर्वियाजे ऋण दिनुपर्छ । ताकी हामीले अन्न र फलफूल हामीले इन्डिया र चीनबाट झिकाउन नपरोस् । इन्डिया र चीनबाट खाद्यान्न, तरकारी र फलफूल भित्र्याउँदा खेरि चाहिने विदेशी मुद्रा पनि होइन नेपाल सरकारलाई समस्या परिरहेको छ । त्यो समस्याबाट पनि हामी सास फेर्नुपर्छ । रोजगारी पनि हुन्छ । त्यसतर्फ नीति तथा कार्यक्रमले बोल्छ, आम जनताले बुझ्ने गरी बोल्छ ? विशेष, विशेष, विशेष, विशेष भनेको बुझ्छन् जनताले ? यी कुराहरु प्रष्टिन जरुरी छ यो नीति तथा कार्यक्रममा प्रष्ट रुपमा आएन ।

स्वास्थ्य क्षेत्रलाई क्युरिटी पक्षमा ध्यान दिनु जरुरी छ, छ । उपचार पक्षलाई ध्यान दिनु जरुरी छ छ । यसका साथसाथै प्रिभेन्टिभ र इम्युनिटी पावर बढाउने पक्षमा हामीले ध्यान सँगसँगै दिनुपर्छ । रोगै नलाग्ने वातावरण बनाउने प्रिभेन्टिभ उपाय र रोग आइहाल्यो भने पनि रोगसँग लड्ने क्षमता बढाउने उपायका बारेमा पनि नीति तथा कार्यक्रममा बोल्दिन पर्थ्यो । यो कार्यक्रम अहिले आजसम्मको अवस्था हेर्दाखेरि यो प्रिभेन्टिभ र इमिनिटी पावर बढाउने पक्षलाई आयुर्वेद पक्षलाई ध्यान दिनुपर्छ । आयुर्वेद पक्षले यसलाई सफलताका साथ लैजान सक्दछ । हामीले आज यसरी डिस्टेन्स मेन्टेन गरेर सभा चलाएका छम् हाम्रा बच्चासँग पनि डिस्टेन्ट मेन्टेन गरेर

कक्षा चलाउने कुरामा पनि नीति तथा कार्यक्रम आओस् भन्दै आफ्ना भनाइ अन्त्य गर्दछु धन्यवाद । जय नेपाल !

## माननीय सभामुख

माननीय सदस्य श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय सदस्य श्री साबित्रा राना मगर ।

## माननीय रोशन गाहा मगर

माननीय सभामुखज्यू, आर्थिक वर्ष २०६७-६८ को नीति तथा कार्यक्रम गण्डकी प्रदेशका प्रमुख माननीय अमिक शेरचनबाट प्रस्तुत नीति तथा कार्यक्रममा हामी छलफलमा छौं । विगत वर्षको योजनाहरुको र सरकारले लिएको लक्ष्यहरुको समीक्षा सहित आगामी चालु आर्थिक वर्षका निम्ति गण्डकी प्रदेशको सरकारले ठोस नीति योजना सहित हामी छलफलमा छौं र यो कोरोना भाइरस कोभिड १९ को महामारी संकटमा पनि सरकारले यो प्रदेशको विकासका निम्ति, जनताको सुरक्षाका निम्ति र कोभिडबाट संक्रमित सबैलाई सुरक्षा दिने सवालमा बाँच्न र बचाउको योजनासहित सरकारले यो नीति तथा कार्यक्रममा ल्याएको छ । गण्डकी प्रदेश सरकार, नेपाल सरकार स्थानीय तहसँग समन्वय सहकार्य गर्दै प्रदेशको विकासको गतिलाई अगाडि बढाउने कृषि, पर्यटन र पूर्वाधार योजनालाई मुख्य लक्ष्य सहित उज्यालो प्रदेशको रुपमा, एउटा नमूना प्रदेशको रुपमा र एउटा सभ्य समाज निर्माण गर्ने र विकासको लक्ष्य सहित बोकेर आएको यो नीति र कार्यक्रमले प्रष्ट पारेको छ। सरकारले पनि यो नीति र कार्यक्रमलाई सरल ढंगबाट सर्वसाधारणले पनि बुझ्न सक्ने खालको नीति तथा कार्यक्रम ल्याएको छ ।

म सरकारलाई सर्वप्रथम म धन्यवाद दिन चाहन्छु । गण्डकी प्रदेशको सरकारले सत्ता र प्रतिपक्ष नभनीकन समग्र यो गण्डकी प्रदेशको विकासका निम्ति जनताको भावना अनुरुप, जनताको अति आवश्यक समस्यालाई पहिचान गरेर र जनताको मन

छुने र दीर्घकालीनसम्म त्यो योजनालाई प्रभाव पार्ने योजना सहित नीति तथा कार्यक्रम ल्याएको छ । मलाई विश्वास छ । प्रतिपक्षमा रहेका साथीहरुले पनि यो नीति र कार्यक्रमलाई समर्थन गर्नुहुनेछ भन्ने मैले विश्वासमा म विश्वस्त छु तर धेरै माननीय सदस्यज्यूहरुले भर्खर पनि यहाँ भन्नुभयो । यति साह्रै त नबोल्नुहोस् है भनेर । दुई तिहाइको सत्र सालमा बी.पीको संसदमा पनि त्यस्तो प्रतिबन्ध थिएन । मित्रहरुलाई अहिले हामी यो मुलुकमा गणतन्त्र छ भन्ने कुरा होसमा हुनुहुन्छ कि हुनुहुन्न ?

त्यसो भएको हुनाले हामीले नीति र कार्यक्रमका निम्ति ठोस कुरा ल्याउने कुरामा यसले जनताका निम्ति प्रभाव पार्ने कुरामा र यसले प्रदेशको नीति विकासलाई अगाडि बढाउने कुरामा । यो ठोस रुपमा लिएको छ कि छैन ? छैन भने कति नम्बरको बुँदामा त्यसलाई सच्याउनुपर्ने हो, त्यसलाई सच्चिनुपर्ने हो त्यो किसिमको सुझाव दिन राम्रो छ तर धेरै हिसाबले हाम्रो यो पुरानो परम्परागत शैलीले नेपाल सरकारकै प्रदेश सरकारकै पनि नीति, नियम ऐनहरु बनाउनका निम्ति अल्लि झन्झटिलो छ । यसले अल्ली समय लिन्छ । उही तपाईं हामी बच्चामा सानो बच्चामा भाँडाकुटी खेले जस्तो छैन । यो कार्यपत्र तयार बनाउने, समितिमा लैजाने, समितिबाट सभापति कहाँ ल्याउने, सभापतिले सदनमा पेश गर्ने, सदनबाट हुन्छ कि हुँदैन भनेर पास गर्ने, मन्त्रीज्यूहरुबाट त्यसलाई पास गराउने अनि प्रमाणिकरणका निम्ति यसको लङ्ग प्रोसेस छ तर यसलाई मलाई लाग्छ भविष्यमा यसको पनि अलि छोटो सुधारको रुपमा गर्यो भने अझै राम्रो हुनेछ र यसको पनि सरकारले सोच गरेको हो जस्तो मलाई लाग्छ ।

गण्डकी प्रदेशको सरकारले प्रतिबद्धता के जाहेर गरेको छ भने यो सरकारले जस्तोसुकै, यो प्रदेशको विकास गर्नका निम्ति जस्तोसुकै मूल्य चुकाउन तयार छ । जनताप्रति पूर्ण जिम्मेवारी छ, जवाफदेहिता छ । यो गण्डकी प्रदेशको जनताको भावना अनुसार जनताको मनछुने खालको विकास निर्माणको काम गर्नका लागि कुनै कसर बाँकी

नराखिकन यो सरकार अगाडि बढ्ने, विकासको गतिलाई अगाडि बढाउने कुरामा यसले प्रतिबद्धता जाहेर गरेको छ ।

हामी सत्ता र प्रतिपक्ष नभनिकन यो गण्डकी प्रदेशको समग्र विकासका निम्ति हामी एक मना एक तालका साथ हामी अगाडि बढ्न जरुरी छ । हामी सत्ता र विपक्षले पनि जनताको माझमा कसम खाएका छौं । प्रतिबद्धता जाहेर गरेका छौं । यो प्रदेशलाई हामी नमूना प्रदेश बनाउने छौं । सात वटा प्रदेशमध्येको एउटा अब्बल दर्जाको प्रदेश हामी बनाउने छौं । एउटा विकासको गतिमा बढिरहेको प्रदेशको रुपमा हामी बनाउने छौं भनेर हामीले कसम खाएर आएका छौं र त्यो प्रतिबद्धता पनि हामीले सदनमा जाहेर गरेका छौं र त्यो गर्ने कुरामा पनि हामी कार्यान्वयनको पक्षमा अगाडि बढिरहेका छौं र हामीले भोलि जनताले प्रश्न गरिहाले भने पनि कमसेकम हामीले उज्यालो प्रदेश कहाँ छ भन्दा गण्डकी प्रदेश भन्ने ।

सबैभन्दा लामो कालोपत्रेको सडक कहाँ छ भन्दा, कुन प्रदेशमा छ गण्डकी प्रदेशमा छ । एक घर, एक धारा कुन प्रदेशमा छ गण्डकी प्रदेशमा छ । माछा, मासु, अण्डा आदिमा आत्मनिर्भर बन्न खोजेको प्रदेश कुन हो ? गण्डकी प्रदेश हो । दलित, विपन्न परिवार र गरिब परिवारलाई जनता आवासको घर निर्माण गर्ने प्रदेश कुन हो ? गण्डकी प्रदेश हो भन्ने कुराको अनुभूति दिलाउनका निम्ति र व्यवहारबाटै हामीले देखाउनका निम्ति र मुख्यमन्त्री कृषि वातावरणमैत्री एउटा नमूना साच्चै किसानको मन छुने मुख्यमन्त्री कृषि वातावरणमैत्री योजना हो है भन्ने कुराको हामीले यी योजनाहरुलाई सम्पन्न गर्ने कुरामा हामी अगाडि बढिरहौं,बढिरहेका छौं र कुरामा हामी अगाडि बढिरहेका छौं । यो गर्ने कुराको पनि हामीले कसम खाइसकेका छौं । यो गतिलाई हामी अगाडि बढाइरहेका छौं र हामी तेस्रो वर्षको निम्ति अब हामी योजनामा लागिरहेका छौं र अहिले धेरै माननीय साथीहरुले पनि भनिसक्नु भयो ।

जनताको प्रतिस्पर्धामा बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, शक्ति पृथकीकरणको सिद्धान्त, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिक अधिकार,

आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा समाजवादप्रति प्रतिबद्ध रहँदै संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा एवम् सुदृढिकरण गर्ने यो गण्डकी प्रदेशले प्रतिबद्धता जाहेर गरेको छ । त्यसो भएको हुनाले धेरै माननीयज्यूहरुले यहाँ यो नीति तथा कार्यक्रम रामायण जस्तो पनि छ भन्नुभो । हो स्वाभाविक हो, रामायण जस्तो तर रामायण पढ्ने हो, सुन्ने सुनाउने हो । तर यो सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने हो । कोही एक जना माननीयले भन्नुहुन्थ्यो म त यो पाना पल्टाएर हेर्दाहेर्दा धेरै पढैं पढेर सिद्धिए पछि त मेरो मन रोयो भन्नुभयो ।

कति जनताको, प्रतिनिधिको मन छुने खालको नीति तथा कार्यक्रम ल्याएको रहेछ सरकारले ? एउटा सांसदको मन छोएर आँसु पगाल्न सक्ने, झार्न सक्ने यो सरकारले कस्तो नीति ल्यायो ? यो गर्वको कुरा हामीले मान्नुपर्छ । अनि एक जना माननीयज्यूले भन्नुभयो यो समाजवाद भन्ने शब्दै देखिएन । समाजवाद शब्दै देख्नुभएन्छ । यो १४६ पान्नै पढ्न पर्दैन समाजवाद भेट्न । १ देखि १० सम्मको पानामा हेर्नुहोस् ठ्याँक्कै त्यही समाजवाद छ । त्यो धेरै लामो समय पनि खर्च नगर्नुहोस् । त्यसो भएको हुनाले अब यस्तो राम्रो नीति तथा कार्यक्रम गण्डकी प्रदेशको सरकारले यो गण्डकी प्रदेशको काँचूली फेर्नका निम्ति, विकास गर्नका निम्ति ल्याएको नीति तथा कार्यक्रम यो किताबमा यो अक्षरमा नदेखिएपछि सभामुख महोदय, अब आउने आर्थिक नीतिमा यो किताबसँगै अक्षर देखिने पावरवाला चश्मासमेत व्यवस्था गरिदिन पर्छकि जस्तो लाग्यो मलाई त ।

एकपटक एउटा सानो एउटा किसानको घरमा एकजना अल्ली ठालुठालु खालको, अली सामन्ती सामन्ती खालको अलि तालुकदार खालको मान्छे सम्धी कहाँ जानु भएछ। अनि त्यही खालको सम्धी आइसकेपछि सम्धीलाई त्यही खालको मान, मर्यादा गरेर गलैंचा माथि राखेर कुराकानी चल्दै रैछ । त्यो जाने ठालूठालू खालको, सामन्ती, सामन्ती खालको, तालुकदार खालको सम्धीले कुरा गर्दै गएपछि त आफ्नो सम्धीलाई

के भनेछ भने सम्धीज्यू मैले त हजुरलाई त यत्रो सानो पो देखें भनेर कुरा गर्दाखेरी। अनि यत्रो मान मर्यादा गर्दै छ अनि अर्को सम्धीलाई पनि झनक्क रिस उठेछ । ए होर सम्धी मलाई सानो देख्नुभयो? **(माननीय सदस्य समय सद्धियो)** झन् मैले त हजुरलाई त देखेकै छैन । त्यसो भएको हुनाले अब यिनै कुराहरुसँग यो नीति तथा कार्यक्रम पूर्ण सफलता, यसलाई कार्यान्वयन गर्ने कुरामा हामी सबैको एक मना एकता रहनेमा हामी लक्षित भएर जानुपर्ने कुरा राख्दै मेरो आफ्नो भनाइलाई अन्त्य गर्दै म यहाँहरुबाट विदा हुन चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री सावित्रा राना मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय सदस्य चन्द्र मोहन गौचनलाई ।

## माननीय सावित्रा राना मगर

सभामुख महोदय, मुलुक र नेपाली जनतालाई यहाँसम्म ल्याइपुर्याउनका लागि समयको विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने ती महान् शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाका सवालमा, अधिकार प्राप्तिको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

आज मुलुक विषम परिस्थितिमा गुज्रिरहेको छ। विश्व यतिबेला नोबल कोरोना भाइरस कोभिड-१९ बाट प्रताडित बनिरहेको छ । विश्वसमुदाय कोरोना भाइरस विरुद्ध कठोर संघर्ष गरिरहेको यस परिस्थितिमा स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका दाजुभाइ तथा दिदीबहिनीहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । कोरोना भाइरसबाट संक्रमित सबैको स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरसमाथि मानव जातिले छिट्टै विजय हासिल गर्ने परिस्थितिको निर्माण हुन सकोस् यो शुभ भावना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, २०७७ जेठ १८ गते माननीय प्रदेश प्रमुख अमिक शेरचनद्वारा प्रस्तुत गण्डकी प्रदेश सरकारको ७७/७८ को नीति कार्यक्रमको छलफलको चरणमा छौं । छलफलका लागि समय उपलब्ध गराउनु भएकोमा माननीय सभामुखज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

सभामुख महोदय, गतवर्षको नीति कार्यक्रम र ७७ को सिद्धान्त प्राथमिकता को आलोकमा संविधानको मर्म र भावना अनुरुप नेपाल सरकारको सुखी नेपाली र संवृद्ध नेपाल, प्रदेश सरकारको संवृद्ध प्रदेश र सुखी जनता बनाउने दिगो संकल्प र उद्देश्यलाई आत्मसात गर्दै वर्तमान परिस्थितिको ठोस विश्लेषणका साथ विगतका कामको सविस्तार समीक्षा र संश्लेषणसहित आगामी कामको बृहत्तर कार्ययोजनाका साथ सबै विषय र क्षेत्रलाई समेटेर नीति कार्यक्रम आएको छ । यसको म पूर्ण रुपमा समर्थन गर्न चाहन्छु । मेहेनत गरेर नीति कार्यक्रम ल्याउनु हुने प्रदेश सरकारको सबै टिम र माननीय मुख्यमन्त्रीज्यूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सभामुख महोदय, यही १८ गते प्रदेश प्रमुखद्वारा नीति कार्यक्रम वाचन गरिरहँदा पुर्ण पाठ सुनिसकेपछि नीति कार्यक्रम वस्तुनिष्ठ भएर गण्डकी प्रदेश विकासको खाका सहितको कार्यक्रम आएकोमा खुसी लाग्यो । म खुसी नै भएँ । यो नीति कार्यक्रम माथिको तीन दिनदेखिको निरन्तर छलफल सुनिरहँदा केही माननीयज्यूहरुको मुखारवृन्दबाट निस्केका सुमधुर वाणीहरु र नीति कार्यक्रम माथिको टिप्पणी सुनें । यो नीति कार्यक्रममा यो पनि छैन, त्यो पनि छैन भन्दै भन्दै जाँदाखेरि केही पनि काम लाग्ने छैन भन्ने टिप्पणीले मलाई घच्घचाइरह्यो र फेरि मैले ४८ पेज र १८६ बुँदामा आएको नीति कार्यक्रमलाई केही नभएकै होला त सभामुख महोदय भनेर यसलाई अध्ययन गरें । पुनः यसलाई मैले अध्ययन गर्दा नीति कार्यक्रमलाई पढें र हेरे । केही कार्यक्रम परिस्कृत गर्नुपर्ने होला । नीति कार्यक्रम कार्यान्वयन हुँदै जाँदा थप परिस्कृत हुँदै जाने पनि होला तर केही पनि छैन भनेका नीति कार्यक्रमहरुमा मैले

सबै बुँदा नीति कार्यक्रममा भेटैं । किन यस्तो देखैं भनी मैले आफ्ना आँखा छामी हेरैं बल्ल पछि मैले रहस्य भेटैं ।

आँखामा दोषी चश्मा लगाउनै भुलेको रहेछुँ सभामुख महोदय मैले । नीति कार्यक्रमलाई निरपेक्षतामा होइन, सापेक्षतामा हेरेको छु मैले । यसर्थ यसरी नै हेर्नका लागि पनि मैले अनुरोध गर्न चाहन्छु ।

सभामुख महोदय, एकनम्बर बुँदामा मैले भेटैं कोभिड-१९ को महामारीको रोकथाम, कोरोना भाइरसबाट शिथिल भएको अर्थतन्त्रलाई चलायमान गराउने कार्यक्रम अहिलेको परिस्थितिमा महत्वपूर्ण हो भन्ने मलाई लाग्यो र यो महत्वपूर्ण पनि छ।

सभामुख महोदय, कोरोना भाइरसबाट मानव जातिको रक्षा, सबैको जीवनको रक्षा गर्ने भनी सकेपछि यसको रोकथामका लागि गर्नुपर्ने सबै कामका योजनाहरु यसैभित्र आउँछन् होला नि ? जनतालाई रोग र भोकबाट बचाउने कुरा सरकारको पहिलो एजेन्डा हो भन्ने कुरा नीति कार्यक्रमले बोलेको छ । कोभिड-१९ का कारण खाद्य संकट आउन सक्छ । भोकमरीबाट जोगाउने दायित्व पनि सरकारको हो । नीति कार्यक्रमको ९८ बुँदामा भनिएको छ । खाद्यान्न आपूर्ति सुनिश्चित गर्न प्रदेश र स्थानीय तहमा खाद्य बैंक स्थापना गर्ने, उत्पादनमा वृद्धि गर्दै जाने नीति कार्यक्रम आएको छ यो महत्वपूर्ण छ ।

सरकारले अब राहत मात्र बाँड्ने भन्दा पनि रोजगारी सिर्जना गर्नुपर्छ । माछा मारेर दिने भन्दा पनि माछा मार्ने बल्छी दिनुपर्छ ताकि आफैं माछा मारेर खान सकोस् । विश्वश्रम बजारबाट फर्केका र स्वदेशमा रहेका दक्ष, अदक्ष सबै जनशक्तिको सही व्यवस्थापन गर्दै कोरोना भाइरसले सिर्जना गरेको चुनौतीलाई अवसरका रुपमा ग्रहण गर्दै प्रदेश निर्माणको वृहत्तर योजनाका साथ अगाडि बढ्ने कुरामा नीति कार्यक्रमले निर्देशित गरेकोमा म विश्वास राख्न चाहन्छु । मैले यो नीति कार्यक्रममा पाएको छु ।

सभामुख महोदय, नीति कार्यक्रमले सडक, खानेपानी, विद्युत, सिञ्चाइ, मोटरेबल पुल, झोलुङ्गे पुल निर्माणको कामलाई निरन्तरता दिने कुरा गरेको छ । यी विकास निर्माणका कामले सबै ११ जिल्लाका जनताहरुलाई प्रदेश सरकारको अनुभूति दिलाउने काम भइरहेको छ, गरिरहेको छ । दिगो विकासका लागि यसको निरन्तरता जरुरी पनि छ । मुख्यमन्त्री कृषि नमूना गाउँको निरन्तरतामा यसको काममा नविनता थप्नुपर्छ । कृषि उत्पादन, कृषि उत्पादकत्वमा वृद्धि गरी स्वरोजगारीको सिर्जना गर्नुपर्छ । एक स्थानीय तह एक उद्योग ग्रामको निरन्तरता ठीक छ । यसको कामको गतिलाई बढाउनुपर्छ भन्ने मलाई लागेको छ । स्वास्थ्यलाई सर्वसुलभ र गुणस्तरीय सबै जनताको पहुँचमा पुर्याउने प्रतिबद्धता यो नीति कार्यक्रमले गरेको छ। यो पनि अत्यन्त महत्वपूर्ण छ ।

संघीय सरकारको सहकार्यमा अत्याधुनिक प्रविधियुक्त संक्रमण तथा सरुवा रोग अस्पतालको स्थापना गर्ने, सबै नागरिकलाई ३ वर्ष भित्र स्वास्थ्य विमाको कार्यक्रममा आवद्ध गर्ने, सँगै प्रभावकारी कार्यान्वयनमा लैजाने । यो प्रभावकारी कार्यान्वयनमा आउँदा आम नागरिकप्रतिको स्वास्थ्य प्रतिको उत्तरदायित्व पूरा हुनेछ भन्ने कुराको महसुस यो नीति कार्यक्रमले गराएको छ । श्रमिकहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गर्ने कुरा नीति कार्यक्रममा आएको छ । ८१ नम्बर बुँदामा कृषि नीति र गुरुयोजना तर्जुमा र कृषि उत्पादकत्व वृद्धि गर्दै यान्त्रिकिकरण, आधुनिकीकरण, व्यवसायिकीकरणमा कार्यक्रम प्रवर्द्धन गर्ने भनिएको छ यो राम्रो छ। मलाई लागेको छ । तत्कालका लागि किसानका आधारभूत समस्याहरु हल गर्दै किसानलाई मल, बिऊको उपलब्धता, कृषि प्राविधिकको व्यवस्था, माटोको परीक्षण र उत्पादनको बजार व्यवस्थापन तत्काल गर्नुपर्ने काम हुन । यसमा सरकारको ध्यान पुगोस् । पुर्याउनका लागि पनि म अनुरोध गर्न चाहन्छु ।

सभामुख महोदय, प्रदेश विकासको महत्वपूर्ण आधारका रुपमा रहेको पर्यटन क्षेत्र कोरोना भाइरस कोभिड-१९ का कारण थला परेको पर्यटन क्षेत्रलाई जीवन्तता दिने

गरी पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन गर्न पर्यटन नीति, पर्यटन गुरुयोजना तर्जुमा गर्दै अगाडि बढ्ने कुरामा नीति कार्यक्रम बोलेको छ ।

११७ बुँदामा उल्लेख गरिएको विपन्न परिवारलाई लक्षित गरी सुपथ मूल्य कार्ड वितरण गर्ने कार्यक्रम पनि नीति कार्यक्रममा आएको छ । यो अत्यन्त महत्वपूर्ण छ। अन्त्यमा १८ पेज र १८७ बुँदामा आएको यो नीति कार्यक्रम सबै महत्वपूर्ण छन् । यसको कार्यान्वयनको पाटो महत्वपूर्ण हो । यी सबै कार्यक्रमहरु कार्यान्वयन हुँदै जाँदा संवृद्ध प्रदेश निर्माण हुने आधार तयार हुन्छ ।

त्यतिबेला मात्र संवृद्ध प्रदेश, सुखी जनता र सुसंस्कृत समाज निर्माण हुनेछ । यो लक्ष्यका साथ आएको यो नीति कार्यक्रम कार्यान्वयनमा सरकारलाई सफलता मिलोस्। हाम्रो साथ रहनेछ । यो नीति कार्यक्रम अत्यन्त महत्वपूर्ण रहेको हुँदा मैले यो नीति तथा कार्यक्रमप्रति सहमति र समर्थन गर्न चाहन्छु । यिनै कुराहरु राखेर मेरो आफ्नो भनाइ अन्त गर्दछु, हवस् त नमस्कार अभिवादन ।

## माननीय सभामुख

माननीय सदस्य श्री चन्द्रमोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय सदस्य श्री कुमार खड्का ।

## माननीय चन्द्रमोहन गौचन

माननीय सभामुख महोदय, आज हामी यस गरिमामय सदनमा २०७७/७८ को नीति तथा कार्यक्रम माथि घनिभूत रुपमा छलफलमा छौं । २०७७ जेठ १८ गते प्रदेश प्रमुख माननीय अमिक शेरचनज्यूबाट नीति तथा कार्यत्रक्रम प्रस्तुत भएको थियो । यो नीति तथा कार्यक्रम सरसर्ती पढ्दाखेरी अध्ययन गर्दाखेरी सायद गण्डकी प्रदेशको भाग्यरेखा कोर्ने नीति तथा कार्यक्रम आएको छ । मैले भन्नैपर्छ, यहाँ धेरै साथीहरुले विशेषता प्रतिपक्ष माननीयज्यूहरुले धेरै कुराहरु उठाउनु भएको छ । उहाँहरुको त्यो

कुरा सुन्दाखेरी सायद म भन्दा अगाडि कुरा गरेर जानुहुने माननीयहरुले धेरै कुरा राखिसक्नु भएको छ ।

यो गण्डकी प्रदेशले यो ७७ र ७८ को लागि ल्याइएको नीति तथा कार्यक्रम जनमुखी छ । यो गरिब जनताको भविष्य निर्माण गर्ने नीति तथा कार्यक्रम आएको छ । यसलाई सर्वप्रथम म पूर्ण समर्थन गर्न चाहन्छु । आज हामी गण्डकी प्रदेशलाई कस्तो ढंगले अगाडि बढाउने ? कसरी बढाउने ? भन्ने कुरा यो नीति तथा कार्यक्रममा आएको मैले महसुस गरेको छु । आज गण्डकी प्रदेशमा करिब १४ प्रसेन्ट गरिबीको रेखामुनी रहेको गरिब, विपन्न जनताहरु छन् ।

म सभामुखमार्फत प्रदेश सरकारलाई ध्यान आकर्षण गर्न पनि चाहन्छु । यो गरिब जनताहरुलाई जनमुखी कार्यक्रम ल्याउनका लागि उत्पादनसँग रोजगार जोडिने कार्यक्रम ल्याउनका लागि म निवेदन गर्न चाहन्छु । आज यति भन्दाभन्दै पनि यति राम्रो नीति तथा कार्यक्रम ल्याउँदा पनि हामीहरुलाई केही कुराहरु भन्न मन लागिरहेको छ । म सभामुखमार्फत म केही विषयहरु राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमले भावी संवृद्ध प्रदेशको चित्र देखाउन खोजेको छ । हामीले अब लिने नीति र बाटो कस्तो हुने हो भन्ने यसले सन्देश दिएको छ र गण्डकी प्रदेश भविष्य निर्माणका लागि विश्वासको भोक जगाउने काम गरेको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट प्रदेशवासीको जीवन रक्षा गर्न प्रदेश सरकारले गरेको भूमिका सफल र उच्च रहेको छ । प्रदेश सरकारलाई नमन गर्न चाहन्छु ।

सभामुख महोदय, नेपाल सरकारले नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रलाई नेपालको नक्सामा समावेश गर्नु र नेपालको निशान छापलाई सो अनुरुप परिमार्जन गर्न संविधान संशोधनको प्रस्ताव अगाडि बढाउने नेपाल सरकारको ऐतिहासिक र राष्ट्रवादी कदमको हृदयदेखि नै स्वागत गर्दछु । राष्ट्रियताको पक्षमा सम्माननीय प्रधानमन्त्रीज्यूले लिनुभएको दह्रो अडान र चाल्नु भएको यस साहसिक

कदमको स्वागत गर्दै म पूर्ण समर्थन गर्दछु । ऐतिहासिक प्रमाण, लिखत, दस्तावेज र नक्सा समेतका आधारमा मित्रराष्ट्र भारत सरकारसँग कुटनीतिक माध्यमबाट नेपालको भूमि फिर्ता लिने कार्यमा नेपाल सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

सभामुख महोदय, प्रदेश सरकारको आधार वर्षमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै आर्थिक, सांस्कृतिक, सामाजिकलगायत सबै क्षेत्रको विकास गरी सामाजिक, सहन्यायिक आर्थिक विकासमा राष्ट्रले लिएको संवृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न गण्डकी प्रदेशको यो नीति तथा कार्यक्रम सहायक सिद्ध हुनेमा म विश्वस्त छु । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट मुलुकमा संविधान लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत गर्दै नागरिक सबलीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, उत्तमशीलताको विकास, भौतिक पूर्वाधारको सन्तुलित विकास, सामाजिक विभेदको अन्त्य, गुणस्तरीय सेवा प्रवाह तथा समाजवाद उन्मुख स्वतन्त्र र संवृद्ध अर्थतन्त्रको निर्माणमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

सभामुख महोदय, सभामुखमार्फत सरकारको ध्यान आकर्षण पनि गर्न चाहन्छु । वनको वैज्ञानिक व्यवस्थापन गर्ने भनिएको छ तर हिमाल तथा संरक्षित क्षेत्रको दिगो व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा छुटयाइएको हुनाले यी दिगो विकाससँग जोडिएका मुद्दाहरुको पनि सम्बोधन गर्न प्रदेश सरकार समक्ष माग गर्दछु । विश्वकै प्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्र हाम्रो प्रदेशको महत्वपूर्ण सम्पत्ति हो । त्यहाँबाट प्रदेशलाई ठूलो रोयल्टी आउन सक्छ । यो क्षेत्र नीतिगत हिसाबले अहिले अन्यौलमा छ । यो क्षेत्र कसको मातहतमा रहने हो स्थानीय, प्रदेश वा संघ। प्रष्ट मार्गचित्र ल्याउनु पर्यो । यही विषयले एक्याप र स्थानीय तहबीच द्धन्द्ध निम्तिन थालेको प्रति सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

धवलागिरी हिमाललाई संरक्षित क्षेत्रमा पार्नेतर्फ सोच्ने कि यसै यो सम्पत्तिलाई रहन दिने हो त्यससम्बन्धी नीतिमा समावेश गर्न प्रदेश सरकारलाई अनुरोध गर्दछु ।

सरकारले पर्यटनलाई संवृद्धिको प्रमुख आधार मानेको छ । त्यसै अनुरुप मुस्ताङ लगायत केही ठाउँ पहिचान गरी विशेष पर्यटकीय गन्तव्यको रुपमा घोषणा गरियोस् भन्ने अनुरोध गर्दछु । प्रदेश सरकारको दोस्रो प्राथमिकता उर्जा परेको छ । उर्जा परेको पाएको छु । मुस्ताङमा वायु उर्जाको सफल प्रयोग पनि भइसकेको छ । यस वायु उर्जाको ठूलो सम्भावना रहेको हुनाले विशेष आयोजनाका रुपमा समावेश गर्न अनुरोध गर्दछु ।

सभामुख महोदय, सुझाव स्वरुप निवेदन पनि गरेँ । आर्थिक वर्षको यो नीति तथा कार्यक्रम ल्याउनु भन्दा अघिल्लो आर्थिक वर्षको नीति तथा कार्यक्रम समीक्षाको बाटो बनाउनुपर्छ भन्ने मलाई महसुस भयो । किनभने नीति तथा कार्यक्रम सरकारको मेरुदण्ड या रोडम्याप नै जस्तो लाग्छ । यसै आधारमा गण्डकी प्रदेशलाई कस्तो स्वरुप दिने भन्ने निश्चित हुन्छ । त्यसैले अघिल्लो नीति तथा कार्यक्रम के कति संस्थागत गर्न सकियो, के कति कार्यान्वयन गर्न सकिएन भन्ने कारणका साथ समीक्षा गरि अगाडि बढ्यौं भने हामीले लिएको लक्ष्यमा पुग्नका लागि सहयोग हुने थियो । यो विषय सभामुखमार्फत् सरकारको ध्यान आकर्षण गर्न चाहन्छु ।

सभामुख महोदय, यहाँ धेरै कुराहरु आइसकेको छ । प्रतिपक्ष साथीहरुको पनि हाम्रा माननीय साथीहरुले यो नीति तथा कार्यक्रम धेरै अध्ययन गर्नु भएको रैछ । एकदेखि ४८ पृष्ठको नीति तथा कार्यक्रम गर्दा खेरी उहाँहरुलाई मन दुखेछ, आँसु झरेछ । कसैलाई मन पनि दुखे रैछ। सायद त्यो खुसीको आँसु हुन सक्छ । अघि नै प्रतिपक्ष साथीहरुले भनेर जानु भएको छ । चिन्नेलाई खुर्पाको बिँड नचिन्नेलाई श्रीखण्ड भन्या जस्तै चिन्नेलाई श्रीखण्ड चिन्नेलाई खुर्पाको बिँड भन्या जस्तै सायद प्रतिपक्ष माननीयज्यूले यो अध्ययन गरेपछि उहाँले महसुस गनुभएको छ कि यो नीति तथा कार्यक्रम जनमुखी रहेछ भनेर उहाँले महसुस गरेर सायद आँसु झार्नु भएको पनि होला । यति भन्दै मेरो यो २०७७/०७८ को नीति तथा कार्यक्रमको पूर्ण सफलताको कामना गर्दैं मेरो आफ्नो भनाइ अन्त गर्दछु,हवस् त धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कुमार खड्का

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारको चौथो नीति तथा कार्यक्रमको छलफलमा हामी छौं । नीति तथा कार्यक्रम, विगतको समीक्षा, भविष्यको स्वप्ना, कल्पना र गन्तव्यको आँखिझ्याल हो । निरन्तरताको अविछिन्न शृङ्खला हो । तर यो दस्तावेज विगतको प्रतिबद्धता, घोषणा, आश्वासन र लक्ष्यबारे निशब्द छ । विगतासँग यो नीति तथा कार्यक्रमको कुनै सम्बन्ध, सरोकार नभएको अवैज्ञानिक, असंसदीय चिन्तनले ग्रस्त देखिन्छ प्रदेश सरकार ।

माननीय सभामुख महोदय, कुनै पनि परिकल्पना, रचना, दस्तावेज दोषै दोष या गुणैगुणले युक्त हुन सक्दैन । तसर्थ यसमा पनि केही सकारात्मकता छ । फूलको आँखामा फूलै संसार भन्ने गीत खुब घन्किएको छ संसदमा । दस्तावेजको सकारात्मक पक्षबारे फूल माननीयहरु त्यसमा पनि सूर्यमुखी फूल माननीयहरुले बोल्नु भएको छ बोल्नुहोला । हामी त काँडा माननीय परेम सभामुख महोदय । काँडाको धर्म त कोप्ने नै होला । म त्यही कर्तव्य निर्वाह गर्न यहाँ उपस्थित भएको छु ।

सभामुख महोदय, रोचक कुरा के छ भने, काँडाले कोप्नुको उद्देश्य फूलको रक्षा गर्ने हो । कसैले फूल छोइदेला, टिपिदेला अनि फूल चुँडिएला, झर्ला, ओइलाउला, सडला, कुइएला भन्ने डरले काँडाले किल्ला कोप्ने हो । कहिलेकहिले दम्भ तथा अहंकारले र कहिलेकहिले हावा जस्तो बाह्य शक्तिको दबाबमा फूलले बाटो बिराउन खोज्दा उसैको हितका लागि उसैको रक्षाका लागि भए पनि फूललाई कोप्नुपर्छ काँडाले ।

सभामुख महोदय, यो काँडा पुराणलाई यही विराम दिँदै नीति तथा कार्यक्रमको श्याम पक्षको परिणतिमा लडकाउन भएका आफ्ना भावना यहाँ अभिव्यक्त गर्न चाहन्छु । सरकारको जन्मदाता हो संसद । अनि सल्लाहकार र मार्गनिर्देशक पनि हो ।

संसदको आँखाबाट देखिएको सपना, निर्धारित गन्तव्य, माननीयको अभिव्यक्तिबाट बनेको मार्गचित्रलाई सरकारले अमूल्य निधि सम्झनुपर्दछ । तदअनुरुप नीति, योजना र कार्यक्रम बनाउनुपर्दछ । अन्यथा संसदको कारवाही फगत जिब्रोको राग मेट्ने र वक्तृत्वकला प्रदशित गर्नेमा मात्र सीमित हुन्छ । संसद राजनीतिक नाटक मञ्च बन्छ। स्मरण रहोस् नाटकले क्षणिक पक्ष नेतामा मनोरञ्जन दिन सक्ला तर जनताको पीडा र वेदनाको समाधान हुन सक्दैन । प्रदेशको विकासको लक्ष्य हासिल गर्न सम्भव हुँदैन । व्यवस्थाको वितण्डाको, विश्वासको छयिकरण रोक्न सकिँदैन सरकारले बुझ्नु जरुरी छ, मनन् गर्न जरुरी छ । अनुकरण गर्न जरुरी छ ।

सभामुख महोदय, यो दस्तावेजले प्रमुख प्रतिपक्षका माग र आवाजलाई बहिस्कृत गरेको छ । माननीयहरुका सुझावको अवहेलना गरेको छ । असामान्य राष्ट्रिय परिस्थितिमा यथास्थितिवादी परम्परावादी आवरणमा आफूलाई कैद गरेको छ यो नीतिले र यसका कार्यक्रमले । प्रतिपक्षले उठाएका विषयको उपेक्षा र निर्मम प्रहारले समन्वय र सहमतिको यात्रालाई भस्मीभूत गरेको छ । सदासयता र सद्भावको मार्ग फुकाउने अभिलम्ब बोकेर आगामी बजेटमा सच्याउन र सम्बोधन गर्न आवश्यक छ । आर्थिक वर्ष २०७६/०७७ का नीति तथा कार्यक्रममा रहेको सकारात्मक पक्षका बारे यो दस्तावेज मुखरित छ । तर बोलेर पनि नगरेका कार्यक्रमबारे नीति तथा कार्यक्रमले कुटिल मौनता साँधेको छ । संवैधानिक र संसदीय कार्यान्व्यनबाट सरकार चुकेको छ ।

सभामुख महोदय, आर्थिक वर्ष ७४/७५ को ९५ बुँदे, ७५/७६ को १६५ बुँदे, ७६/७७ को २०३ बुँदे नीति तथा कार्यक्रमको आलोकमा १८६ बुँदे यो नीति तथा कार्यक्रमबारे मेरा केही जिज्ञासा, केही गुनासा र केही सुझाव सभामुखमार्फत सरकारलाई सम्प्रेषित गर्न गइरहेको छु ।

चीनबाट उन्नत नश्लको गाई ल्याइयो । गण्डकीमा गाईपालनको अनुसन्धान केन्द्र स्थापना गरी दुग्ध पदार्थमा आत्मनिर्भर बनाउने भनेको होइन ? के भयो ? कति

लिटर दूध उत्पादन भयो । अब आत्मनिर्भर हुनलाई कति लिटर दूध अपुग छ?कहाँ छन् ती हाम्रा गाई? चाइनाबाट पैदल हिँडेको भए पनि नेपाल आइसक्नुपर्ने हो । कि हाम्रा गाई लकडाउनमा फसे ? यो बारेमा सरकार बोल्न पर्दैन ? कालोपत्रेको लम्बाइ लेख्न सक्ने, स्टिमोको संख्या बनाउन सक्ने, झोलुङ्गे पुल भन्न सक्नेले दूधको परिणाम सदनलाई बताउन पर्दैन ? विद्युत खपत केन्द्रको प्रतिस्थापन गर्ने भनेको होइन ? ताली बजाएका होइनौं हामीले ? बिर्सनु भयो ? एलपी ग्याँस चुलोलाई विद्युत, बायोग्याँस र सौर्य उर्जाले प्रतिस्थापन गर्ने भन्नुभएको होइन ? गर्नुभयो कतिवटा एलपी ग्याँस चुलो प्रतिस्थापित भयो यहाँ तथ्यांक दिनु पर्दैन ?

७४-७५ मा बुँदा नं. ३१ मा २ वर्षभित्र सबै घरधुरीमा २४ घण्टा, ३६५ दिन विद्युत सेवा पुर्याउने भनेको होइन ? बिर्सन पाइन्छ ? आज दुई वर्ष एक महिना १९ दिनपछि सभामुखमार्फत् म सोध्दैछु सरकारलाई पुर्याउनु भयो गण्डकी प्रदेशका सबै घरधुरीमा २४ सै घण्टा, ३६५ नै दिन आउने विजुली ? सदनलाई बताउन पर्दैन रु अलिकति पनि अप्ठ्यारो लाग्दैन ? पोखराचक्रपथ बनाउने भन्नुभएको छ । पोखराचक्रपथ बनाउन कसले नबनाउने भनेको छ यहाँ ? साह्रै राम्रो हो तर लेख्ने चारचार पल्ट डकुमेन्टमा आउने चार वटै दस्तावेजमा पोखरा चक्रपथ आयो जमिनमा आउन पर्दैन यस्ता कागजको खोस्टोमा मात्र आएर हुन्छ ?

पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र ७४/७५ मा आयो, ७५/७६ मा हरायो । ७६/७७ मा आयो फेरि ७७/७८ मा आएको छ । कार्यान्वयन हुने कुनै ग्यारेन्टी छैन । पोखरालाई नेपालको प्रमुख शहर र छिमेकी देशको सडकसँग हवाइमार्गबाट जोड्ने भनेर भनेको होइन ? चार/चार वटा किताबमा आयो । अहिले जोडियो सबै ठाउँमा ? काम हुन कतिवटा नीति तथा कार्यक्रममा आउनुपर्छ सभामुख महोदय ? यो पनि जानकारी पाए हुने थियो ।

कागजमा लेखिरहने तर काम नगर्ने यो प्रवृत्ति सरकारको लागि लज्जाबोधको विषय होइन? मुस्ताङलाई जियो पार्क बनाउने, लोमानथाङलाई विश्वसम्पदा सूचीमा सूचीकृत

गर्ने, पोखरा बसपार्क निर्माण गर्ने, मुख्य प्रशासनिक केन्द्र बनाउने, प्रदेश सभा भवन बनाउने, बहुसांस्कृतिक केन्द्र बनाउने, प्रदेश परियोजना केन्द्र बनाउने, डाइलोसिस केन्द्र निर्माण गर्ने थुप्रै कार्यक्रम सदावहार कार्यक्रम छ । सधैंभरि आइराख्ने तर काम नहुने। यस्ता किसिमका कार्यक्रमका बारेमा सरकार बोल्न पर्दैन ? केही त यस्ता अभागी कार्यक्रम पनि छन् सभामुख महोदय ?

जुन नीति तथा कार्यक्रममा त प्रवेश पायो तर कार्यान्वयनमा नगइकन सरकारको कोपभाजनमा परेर असमयमै मृत्युवरण गर्यो । दस्तावेजमा राखिएका कार्यक्रम हरियो मकै हो सभामुखज्यू पोलेर खाने ? यस्ता थुप्रै कार्यक्रम छन् । ७५ मा लगानी सम्मेलन गर्ने भनियो, पोखरामा मोनो रेल चलाउने भनियो । ९० हजार लिटर पोट्रोलियम पदार्थको भण्डारण गर्ने भनियो, वालिङ, डिम्मुवा र दमौलीमा बनाउने भनियो। प्रदेश सरकारले लिएर सञ्चालन गर्ने भनियो । पोखरामा गल्फ कोर्ट बनाउने भनियो । मनाङ, मुस्ताङ र उत्तरी गोर्खालाई फिल्म सिटी बनाउने भनियो । सरकारी कार्यालय परिसरमा बगैंचा पार्क बनाउने भनियो । स्मार्ट कार्डको प्रयोग गर्ने भनियो। यस्ता थुप्रै कार्यक्रमका फेहरिस्त छन् जोले एकपटक कार्यक्रममा आउँछ । अर्को पटक मकै पोलिए झैं पोलिएर मन्त्रीज्यूले खाइरहेको स्थिति छ त्यसले निरन्तरता पनि पाइरहेको छैन ।

७४/७५ मा प्रदेश सरकारले सवारी साधन खरिद गर्दा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिने भनेको होइन ? कतिवटा गाडी किन्यो प्रदेश सरकारले एउटा पनि इलेक्ट्रिकल भाइकल किन्यो ? बोल्ने मात्र काम गर्न पर्दैन? अहिले फेरि विद्युतीय सवारी साधनको प्रयोगमा प्रोत्साहन गरिने भनेको छ । जेठ १५ मा संघीय सरकारको बजेट सुन्न बिर्सनु भयो माननीयज्यूहरुले । सायद नेपाल सरकारले विद्युतीय सवारी साधनमा लाग्दै आएको भन्सारमा ८०० प्रतिशत भन्सार बढायो । अन्तशुल्क शून्य थियो त्यसमा ८० प्रतिशतसम्म बढायो । अब अहिले राजश्व १२५ प्रतिशत थपेपछि

अब कुन पटमुर्ख छ र उसले इलेक्ट्रिकल भाइकल चढ्छ अब, इलेक्ट्रिकल भेइकलका विरुद्धमा आएका नीतिका बारेमा बोल्न पर्दैन ?

खाद्यवस्तुमा शुद्धता हाम्रो प्रतिबद्धता, आलिदेखि थालीसम्म बधशालादेखि भान्सासम्म, गोठदेखि ओठसम्म त्यत्रो नारा लेख्ने सरकारले सदनलाई बताउन पर्दैन ? हाम्रा खाद्यवस्तु कति शुद्ध भए ? आलिदेखि कसका थालीसम्म पुग्यो ? बधशालादेखि भान्छासम्म शुद्ध मासु पुग्ने भाग्यमानीहरु को-को हुन् ? गोठदेखि कतिजना सम्मका ओठमा दूध पुगे त्यो बताउनु पर्दैन । यसको सूची दिनपर्दैन । नारा, कविता, गीत लेखेर पुग्दैन? सभामुख महोदय ।

कार्यान्वयन गर्ने ल्याकत चाहिन्छ, इच्छाशक्ति चाहिन्छ । जनताप्रतिको समर्पण चाहिन्छ । लकडाउनको बेला सामाजिक दुरी कायम गर्न्दै घरमा बस्दा कवि हृदय भएका माननीयज्यूहरुको हृदय आह्लादित भएर द्रवित हुँदै झन् कविता फुर्न पर्ने हो यो वर्ष कविता नहुँदा अलि खल्लो लागेको छ सभामुख महोदय ।

यो नीति तथा कार्यक्रम निर्माणमा नीति तथा योजना आयोग र कोभिड-१९ ले प्रदेशको अर्थतन्त्रमा पारेको असरबारे त्यही कार्यदलको प्रतिवेदनमा आधारित बताइएको छ । नीति तथा योजना आयोगका टिममा विद्धान् छन् सक्षम छन्, अंग्रेजी विज्ञहरु पनि हुनुहुन्छ । मेरो सम्मान छ उहाँहरुप्रति तर समग्र आयोगको परफरमेन्स, उसको शैली, उसको दस्तावेजप्रति मेरो गम्भिर रिजर्भेसन छ । नीति तथा योजना आयोग गठन भएको २० महिना पूरा हुन लाग्दा पनि प्रदेश परियोजना बैंक बनाउन नसक्नु यो दुर्भाग्यपूर्ण छ । नीति तथा कार्यक्रमले सरकारले प्रक्षेपण गरेको आर्थिक वृद्धिदर ९.३ प्रतिशतबाट कोरोनाका कारणले २.६८ प्रतिशत हुने बताएको छ । ३३५ अर्बको गण्डकी प्रदेशको जि.डि.बी.मा कोरोनाका कारणले १९ अर्ब ३१ करोड नोक्सान हुँदा आर्थिक वृद्धिदर ६.६२ प्रतिशत कम कसरी हुन्छ सभामुख महोदय ? यो कस्तो गणित हो, कस्तो गणना हो, प्रक्षेपित आर्थिक दर ९.३ प्रतिशत नै शंकाको घेरामा छ सभामुख महोदय ।

२०७९ सालसम्ममा विकासोन्मुख राष्ट्रबाट विकासशील राष्ट्रमा पुर्याउने भनिएको छ। अहिलेको आर्थिक वृद्धिदर २.६ त्यो यो साउनसम्म लकडाउन भयो भने शून्यमा पुग्ने स्थिति छ । अब २२ महिनामा यो लक्ष्य कसरी प्राप्त हुन्छ ? सरकारले सदनमा जानकारी गराउनुपर्दछ । नीति तथा योजना आयोगको उपाध्यक्षकोसमेत संयोजकत्वमा आयोगका सदस्य र युएनपीडीका अर्थ विशेषज्ञ सम्मिलित कार्यदलको प्रतिवेदनमा उल्लेखित तथ्य र तथ्यांकप्रति मेरो गम्भिर असहमति छ सभामुख महोदय।

यतिका धेरै डाटा, स्टाटिक्स, प्रशोधन र व्यवस्थापन गरिएको छ तर श्रोत खुलाइएको छैन । यो कोरा कल्पना वा अनुमानमा आधारित छैन भनेर कसरी पत्याउने ? गण्डकी प्रदेशको कोरोनाका कारण चालु आबको जि.डि.बीमा भएको अनुमानित नोक्सानी १९ हजार ३ सय १३ मिलिएन बताइएको छ । जबकी उहाँहरुकै डाटालाई प्रशोधित गरेर गणना गर्दा पनि यो १९ हजार ३ सय १४ मिलिएन देखिन्छ सभामुख महोदय ।

प्रदेशमा भएको जिडिबी नोक्सानीलाई वर्डमा एक्सप्रेस गर्दा त झन् स्कुले विद्यार्थीले नगर्ने त्रुटि गरिएको छ । १९ अर्ब ३१ करोड ४० लाख हुनुपर्नेमा १९ अर्ब ३ करोड १३ लाख भनिएको छ । रेमिटेन्स र जिडीबीको नोक्सानी ३८ अर्ब २६ करोड ६५ लाख बताइएको छ जब कि यो ३८ अर्ब ५४ करोड ९२ लाख हुनुपर्छ। दैनिक नोक्सान ३७.८७ करोड हुनुपर्नेमा ३८ करोड ६५ लाख बताइएको छ । नेपाल सरकारले गण्डकी प्रदेश सरकारलाई यस आवमा दिने भनेको समपुरक अनुदान ७११ करोड २२ लाख बताइएको छ । जब की यो जम्मा ७५ करोड मात्र छ । वित्तिय समानीकरण अनुदान र समपुरक अनुदानको बीचमा भेद नै नदेख्नु यो दृष्टि दोष हो सभामुख महोदय ।

म जस्तो सामान्य लेखपढ मात्र जान्ने अर्थशास्त्रसँग गोरु बेचेको साइनो नभएको व्यक्तिले देखेको त्रुटिबारे विद्धान्हरुले नजानेर गरेको म मान्न तयार छैन । सिम्पल

म्याथमेडिकल इररहरु धेरै छन् । कार्यदलको टिमको विद्धता र क्षमताको प्रशंसक हुँ, मलाई गौरव लाग्छ यसमा हाम्रो प्रदेशसँग । तर समस्या कहाँ छ भने सांसद पढ्दैनन् पढे बुझ्दैनन् भन्ने सोचले ग्रसित छ । जे प्रस्तुत गर्दा पनि हुन्छ भन्ने पूर्वाग्रही मान्यता पाउँछु देशका योजनाविद र विद्धान्हरुमा । सायद यही मनोविज्ञानका कारणले ह्युमन इरर भएको होला, इरेस्पोन्सिबल नेक्लिजेन्सी भएको छ। आगामी दिनमा यस्तो हुनुहुँदैन भन्ने मलाई लाग्छ सभामुख महोदय ।

राजधानी तोकेर प्रदेशको नामाकरण गर्ने विषयमा गतवर्षको उपलब्धिमा उल्लेख गर्दै यस वर्ष पनि दौडाउनुको औचित्य के ? त्यस दस्तावेजमा मुख्यमन्त्रीले सबै विषयका समितिका सभापतिसँग सम्वाद गरी समस्याको समाधान गर्ने भनिएको कोभिड-१९ को सम्बन्धमा ।

अन्य सभापतिज्यूहरुको बारेमा मलाई थाहा छैन म पनि सार्वजनिक लेखा समितिको सभापति हो त्यसमा कस्तो किसिमको संवाद उहाँले कुनै संवाद नगरेका कुरा म जानकारी यहाँ गराउन चाहन्छु । यो अत्यन्त सफेद झुट हो । यसमा सच्याइनु पर्दछ। ४२ घरमा उच्च शक्तिलाई जिवन बिमामार्फत प्रतिव्यक्ति ३० लाख रुपैया उपलब्ध गराउने भनिएको छ? सभामुख महोदय के यो सही छ ? सम्भव छ कार्यान्वयन गर्न ? त्यति धेरै रकम कहाँबाट ल्याउने ? दिने त होइन लेखिदिऊन फरक के पर्छ र भनेर आएको भए झन् गलत हुन्छ ।

हामीले संशोधन प्रस्ताव राखेर सच्याउँदा सरकारको प्रतिष्ठा घटेको ठान्नुहोला । तसर्थ सत्ता पक्षकै आफ्नै माननीयज्यूलाई संशोधन प्रस्ताव हाल्न लगाएर सच्याउन सभामुखमार्फत सरकारलाई म सुझाव दिन चाहन्छु । अन्यथा प्रदेशको अर्थतन्त्र दुराग्रस्त हुन्छ, भूत भूषडित हुन्छ सभामुख महोदय ।

सभामुख महोदय, मेरो भनाइको सार के हो भने, यस्तो किसिमको योजना तथा नीति कार्यक्रम कार्यान्वयनको शैलीले सात प्रदेशमध्ये सर्वश्रेष्ठ प्रदेश बनाउँछु भनेर गरेको दावी परीक्षामा ३१ प्रतिशत अंक ल्याउने विद्यार्थीले बोर्ड फष्ट भए भनेर जिकिर

गरेको सरह हो । उत्तीर्ण हुनुहोस् हाललाई त्यति भए काफी छ । यस्ता किसिमका दस्ताबेजले गण्डकीलाई सर्वश्रेष्ठ बनाउने अभियानमा कुठाराघात गरेको छ ।

अन्त्यमा यस दस्तावेजमा नविनता हुँदै नभएको होइन प्रशस्त छ सभामुख महोदय, पहल गरिनेछको सट्टा समन्वय गरिने भन्ने आएको छ । **(माननीय सदस्य समय सिद्धियो)** समन्वय गरिनेको सट्टा नीति लिइने आएको छ । यो भन्दा नविनता के खोज्ने अंग्रेजीमा क्षत्रभ् भनेको मलाई आकार माइस आएको छ नेपालीमा यो अंग्रेजीको जियोपार्कमा नेपालीको जियोपार्क आएको छ यो नीति तथा कार्यक्रम जेठको साटो माघमा ल्याउने प्रचलन भएको भए प्रशंसा गर्न पाइन्थ्यो, स्तुतिसमेत गाउन सकिन्थ्यो भन्न सकिन्थ्यो, कुमारजी आज्ञा गर्नुहुन्छ य सभामुखज्यू सरकारले ल्याएको नीति तथा कार्यक्रमको वर्णन त हजार जिब्रो भएको शेष नागले गर्न सक्दैनन् म बबुरो काडामालिनीले के गर्न सकौंला यती श्री निरर्थक ग्रन्थे, गण्डकी खण्डे जेठ महामाके कुमार डडड संवादे श्री नीति तथा कार्यक्रम वर्णने श्रीष्टी वर्णनम् नाममा चतुदर्थ अध्याय समासम् ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो बैठक १ घण्टाको लागि स्थगित हुन्छ ।